ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३१७ ॥ शुक्रबार २५ बैशाख २०८३ ॥ षष्ठी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Friday 8 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

# हेटौंडामा ट्रकको ठक्करबाट प्रहरी कर्मचारीको मृत्यु

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा ट्रकको ठक्करबाट एक प्रहरी कर्मचारीको मृत्यु भएको छ। मृत्यु हुनेमा नुवाकोटको तादी गाउँपालिका-६ घर भएका ३६ वर्षीय श्रेष्ठ रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार बैशाख २१ गते सोमबार बिहान करिब ८ बजे थानाभन्ज्याङस्थित पूर्व-पश्चिम सडकखण्डमा दुर्घटना भएको हो ।

नवलपुरतर्फबाट हेटौंडा बजार तर्फ आउँदै गरेको बा.प्र.०३-००५ प १४१५ नम्बरको स्कुटरलाई सोही दिशाबाट पछाडिबाट आउँदै गरेको ना ५ ख ५२५२ नम्बरको फलाम लोड ट्रकले ठक्कर दिएको प्रहरीले जनाएको छ ।

श्रेष्ठ नेपाल प्रहरी विशेष सुरक्षागण रातोमाटे मकवानपुरमा कार्यरत थिए । दुर्घटनामा घाइते भएका श्रेष्ठलाई तत्काल उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा उपचारकै क्रममा बिहान ८:२५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

सिमरा उपमहानगरपालिका-२ निवासी २४ वर्षीय रन्जित कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# कृषि र वन मन्त्रालय गाभ्न पाइदैन

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउँदै कृषि र वन मन्त्रालयलाई गाभेर "कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय" बनाउने निर्णय गरेपछि यसको विरोध सुरु भएको छ। सरोकारवाला बागमती प्रदेशका किसान, सामुदायिक वनका उपभोक्ताहरु, कृषि र वनका प्राविधिक कर्मचारीहरुले कामको प्रकृति नै फरक रहेका दुई मन्त्रालयलाई एउटै बनाउने निर्णय व्यावहारिक नभएको बताएका छन् ।

यता वनको क्षेत्र र दायरा फराकिलो रहेको र अन्तराष्ट्रियस्तर सम्मका कानूनहरु पालना गर्नुपर्ने हुन्छ । यता कृषि मन्त्रालयले प्रदेशभरका किसानहरुको प्रतिनिधित्व गर्छ तर, वन मन्त्रालयसंग मर्ज हुँदा किसानका समस्याहरु ओझेलमा पर्ने उनीहरुले बताएका छन्। संघीय सरकारसहित सातै प्रदेशमा कृषि र वन मन्त्रालय छुट्टाछुट्टैरूपमा सञ्चालन भइरहेका बेला बागमती प्रदेशमा भने दुवै मन्त्रालयको अस्तित्व नै संकटमा पर्ने गरी मर्ज गरिएको भन्दै आलोचना हुन थालेको हो । हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संरचना प्रदेशका जिल्ला तहसम्म रहेको छ भने वन मन्त्रालयको संरचना प्रदेशका अधिकांश पालिकासम्म फैलिएको छ। दुवै मन्त्रालयका काम, जिम्मेवारी, योजना र कार्यशैली फरक-फरक रहेकाले एउटै मन्त्रालय बनाउँदा कार्यसम्पादनमा समस्या आउने सरोकारवालाको भनाइ छ ।

सरोकारवालाहरुका अनुसार मन्त्रालय घटाउने उद्देश्य राम्रो भए पनि कामको प्रकृति नमिल्ने मन्त्रालयलाई जबर्जस्ती गाभ्नु उपयुक्त नहुने तर्क गरेका छन् । उनीहरुले प्रदेश सरकार स्थापना हुँदा रहेका सात मन्त्रालयको अवधारणा वा पछि सामाजिक विकास मन्त्रालयलाई विभाजन गरेर स्वास्थ्य मन्त्रालय बनाइएको जस्तै मिल्दो जुल्दो प्रकृतिका मन्त्रालय मात्र मर्ज गर्नुपर्ने बताएका छन्।

सामुदायिक वन उपभोक्ता महासंघकी निवर्तमान अध्यक्ष तथा बागमती प्रदेश सभा सदस्य भारती पाठकले मन्त्रालयको संख्या अझै घटाउन सकिने भए पनि वनलाई कृषिसँग जोड्न नमिल्ने बताइन् । उनले भनिन्, "मन्त्रालयहरु थोरै राख्नुपर्थ्यो, अझै पाँच वटामा झार्नुपर्थ्यो । तर, वनलाई कृषिसँग जोड्न मिल्दैन । पहिले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बनाउने प्रस्ताव गरिएको थियो, त्यो गरिएन । बजेट निर्माणको क्रममा पनि कृषि र वन एकअर्कासँग मिल्दैनन् । उद्योग र पर्यटन भने मिल्ने मन्त्रालय हुन् । प्राकृतिक स्रोतसम्बसन्धि छुट्टै मन्त्रालय हुनुपर्छ । मन्त्रालय मर्ज गरिएको काम राम्रो होइन ।" उनका अनुसार वन क्षेत्र प्राकृतिक स्रोत, जैविक विविधता, संरक्षण तथा वातावरणसँग प्रत्यक्ष जोडिएको क्षेत्र भएकाले यसको कार्यक्षेत्र कृषि मन्त्रालयसँग मेल नखाने तर्क उनले राखिन् ।

बागमती प्रदेश सरकारले भने प्रशासनिक खर्च कटौती र मन्त्रालयको संख्या घटाउने उद्देश्यले मन्त्रालय पुनर्संरचना गरिएको जनाएको छ । प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले हाल कायम रहेका १४ मन्त्रालयलाई घटाएर ८ वटा कायम गर्ने निर्णय गरेको हो । आगामी साउन १ गतेदेखि लागू हुने गरी ६ वटा मन्त्रालयलाई मर्ज गरिएको प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिए ।

उनका अनुसार प्रदेशमा अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय कायम रहने छन् ।

हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले उक्त निर्णय साउन बाट कार्यान्वयन हुने प्रवक्ता तामाङले बताए। चालु आर्थिक वर्षको अन्तिमसम्मको लागि हालकै मन्त्रिपरिषद्ले काम गर्ने र साउन १ गतेदेखि लागू हुने गरी निर्णय गरिएको उनको भनाई छ । प्रवक्ता तामाङका अनुसार आगामी आर्थिक वर्षको बजेटमा कटौतीमा परेका मन्त्रालयहरूको बजेट सिलिङ पनि नयाँ मन्त्रालयहरूको कोडमा राख्ने व्यवस्था गरिएको छ। 'हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले साउन १ गतेसम्म बहालवाला मन्त्रि परिषद् रहन्छ । ८ वटा मन्त्रालय बनाउने निर्णय साउन १ बाट कार्यान्वयन गर्ने निर्णय भएको छ । नयाँ बजेटको पनि ८ वटा मन्त्रालयको कोडिङअन्तर्गत नै इन्ट्री हुन्छ। आर्थिक मामिला तथा योजना मन्त्रालयले ८ वटा मन्त्रालयको नयाँ कोडिङ बनाउँछ र मातहतको कार्यालयहरूको कोडिङ बनाउँछ । नयाँ मन्त्रालयको पुनर्गठित संरचना अनुसारको बजेट कोडिङ बनाएर बजेट सिलिङ जान्छ,' उनले भने ।

उक्त कार्यबाट प्रदेशका मन्त्रालयहरू मातहतका कार्यालय हरूको संख्या १९८ बाट घटेर १४८ मा झर्ने र प्रदेश सरकारले वार्षिक चालु तर्फ ५ अर्ब सार्वजनिक खर्च कम गर्ने अनुमान लिएको छ । चालू खर्चमा घटेको खर्च पुँजीगततर्फ लगाउने मन्त्री तामाङले बताए । वन तथा वातावरण मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय मर्ज गर्ने प्रदेश सरकारको निर्णयको नेपाल वन प्राविधिक संघ बागमती प्रदेश कार्यसमितिले पनि विरोध गरेको छ। यद्यपी सरकारले कर्मचारी संरचना खारेज गरेको छ

# बालविवाह अन्त्यबारे स्थानीय तहहरुबीच अन्तरक्रिया



सन्देश संवाददाता

हेटौंडा/दिगो बिकासको लक्ष्यद्वारा निर्देशित सन् २०३० को अन्त्यसम्ममा नेपालबाट बालविवाह अन्त्य गर्ने उद्देश्यले मकवानपुरका स्थानीय तहहरुले बालबिबाहको अवस्थाबारे अन्तरक्रिया गरेका छन् । बुधबार भ्वाइस अफ चिल्ड्रेन ललितपुर र जस्ट राइट्स फर चिल्ड्रेनको सहयोग तथा जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा जिल्लास्तरीय अन्तर-क्रिया भएको हो । नेपाल सरकारको सन् २०३० सम्म "बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२" कार्यान्वयनमा स्थानीय तहको भूमिका र आगामी कार्ययोजना विषयक मकवानपुर जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रममा मकवानपुर जिल्लाभित्रका १० वटै स्थानीय तहहरुले एकै स्थानमा छलफल गरेका छन् । उनीहरुले जिल्लामा बाल विवाहको स्थिति र यसको समाधानका लागि भविष्यका लागि प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी श्रीरामबहादुर चन्दले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र विद्यालयमा बालसंरक्षण मापदण्ड लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो । बालमैत्री स्थानीय तहको सुरुवात नेपालमै मकवानपुरको मनहरीबाट सूरु भएको भएपनि मनहरी गाँउपालिकामै पनि बालविवाहका घटनाहरु भइरहेकोले वास्तविक नतिजा आउन धेरै मेहनत गर्न बाँकी रहेको समेत कार्यक्रममा जनाइएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा भ्वाइस अफ चिल्ड्रेनका उप-निर्देशक राजु घिमिरे, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधीबक्ता देवेन्द्रराज आचार्य, बाल सुधार गृह हेटौँडाका प्रमुख प्रदीप अधिकारी, राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दलगायतका व्यक्तित्व हरुको सहभागिता थियो ।

# बकैयाका प्रअहरूसँग बृहत अन्तर्क्रिया




सन्देश संवाददाता

हेटौंडा/शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मकवानपुरको बकैया गाउँपालिकाका प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरेको छ।

बकैयाको बुद्ध माविमा गाउँपालिकाभित्रका विद्यालयका प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरेको हो । कार्यक्रममा इकाईका प्रमुख सुदीप गिरीले शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनसम्बन्धि शिक्षा ऐन २०२८ को छैंठौं संशोधनपश्चात भएका व्यवस्था बारे सहजीकरण गरेका थिए।

उनले प्रधानाध्याकहरुले प्रशासकीय जिम्मेवारीमा प्राविधिक त्रुटी गर्दा कार्यसम्पादन मूल्याङ्कन प्रक्रिया नै प्रभावित हुने गरेको बताए। अघिल्लो शैक्षिक सत्र २०८२ को कार्यसम्पादन मूल्याङ्कनमा हुनसक्ने प्रशासकीय त्रुटीहरुबारे उनले प्रधानाध्यापकहरुलाई जानकारी दिएका थिए।

इकाईकी सूचना अधिकारी उन्नति ढकालले निःशुल्क शिक्षा कार्यविधिसम्बन्धि व्यवस्थाबारे सहजीकरण गरेका थिए। नयाँ शैक्षिक सत्रको सुरुवातमा प्रधानाध्यापक हरुलाई प्रशासनिक कार्यहरुमा सहजिकरण गरी त्रुटी हुने सम्भावना न्यून गर्ने प्रयास गरेको छ।

कार्यक्रममा विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न अभिभावकीय शिक्षासमेत आवश्यकता परेको प्रधानाध्यापक हरुले गुनासो गरेका छन् । अन्तर-क्रियामा बकैया गाँउपालिकाको शिक्षा शाखाका प्रतिनिधिका साथै पालिकामा रहेका प्राथमिक तथा माध्यमिक विद्यालयका ७६ जना प्रधानाध्यापकमध्ये ६७ जनाको सहभागिता रहेको थियो ।

# निजगढ नगरपालिकामा हालसम्म ११ स्थानमा निःशुल्क आँखा शिविर


वैशाख/निजगढ नगर पालिका र निजगढ तिलगंगा सामुदायिक आँखा अस्पताल बीच निजगढ नगरपालिकामा मोतिया वन्दुका कारण हुने अन्धोपन पहिचान तथा उपचार कार्यक्रमअनुसार हालसम्म ११ स्थानमा निशुल्क आँखा शिविर आयोजना गरिएको छ।

नगरपालिकाको विभिन्न स्थानमा वैशाख ११ गतेदेखि संचालित कार्यक्रममा ८ सय २४ जनाको निःशुल्क आँखा परीक्षण गरिएको छ। हालसम्म ८४ जनामा मोतिविन्दु भेटिएको छ। मोतिविन्दु भएका बिरामीहरुको पनि निशुल्क शल्यक्रिया गर्ने कार्यक्रमअनुसार हालसम्म २१ जनाको निशुल्क मोतिविन्दुको शल्यक्रिया भईसकेको छ । आँखा अस्पताल प्रमुख डा. विष्णुहरी मरहट्टाले शिविरमा मोतिविन्दु,जलविन्दु, दृष्टि दोष, आँखाका एलर्जीलगायतका बिरामीहरु आँखा जाँच गर्न आएको बताए । मधुमेह तथा उच्च रक्तचाप भएका बिरामीहरुको थप आँखा परीक्षण गर्न अस्पतालमा बोलाईएको डा. मरहट्टाले बताए ।

निजगढ नगरापलिका प्रमुख सुरथ पुरीले निजगढवासीहरुले यो महत्वपूर्ण कार्यक्रमको धेरैभन्दा धेरै फाईदा लिन र योसम्बन्धि सूचनाहरु सम्प्रेषण गर्न नगरपालिकाका निकायहरुलाई निर्देशन गरे । कार्यक्रमअनुसार हालसम्म पचास प्रतिशत स्थानमा निःशुल्क आँखा शिविर आयोजना भईसकेको बाँकी स्थानमा पनि कार्यक्रम नियमित रुपमा भईरहेकोले यसलाई सम्पूर्ण नगरवासीहरुको समन्वयमा आँखाका कुनै बिरामी जाँच गर्न नछुटने वातावरण बनाउन अस्पताल व्यवस्थापक सुधिर श्रेष्ठले आग्रह गरेका छन्। उनले आखा मानवअंग भएकोले संरक्षण गर्नु पर्ने बताए ।




# कालो बकुल्लालाई उद्धार गरेर पोखरीमा छोडियो



सन्देश संवाददाता

हेटौंडा/चुच्चोमा प्लाष्टिक टाँसिएर खानाको अभावमा बेहोस भएर लडेको अवस्थामा कालो जुनबकुल्ला (Black Bittern – Dupetor flavicollis) लाई उद्धार गरी प्लाष्टिक निकालेर पुनः पोखरी छेउमा छोडिएको छ। मधेशको गाउँहरुमा प्रशस्तै मात्रामा रहेका निजी तथा सार्वजनिक माछा पोख–रीहरुले विभिन्न प्रजातीका पानी चराहरुलाई आकर्षण गर्दछ । जसमध्ये फरक फरक प्रजातीका बकुल्लाहरु साधारणतया हामी सबै जनाले देख्ने गरेका हुन्छौं । यसको मुख्य आहारा साना माछा, माछाका भुरा, भ्यागुता र भ्यागुताका बच्चा, झिंगा, पानीमा बस्ने किरा-फट्यांग्रा, जलीय कीराका लार्भा र कहिलेकाहीँ साना सर्पहरु हुन् । यो प्रायः पोखरी, खोला, धानखेत र सिमसार क्षेत्रको किनारमा लुकेर बिस्तारै शिकार गर्छ। कमजोर, बिरामी वा सजिलै समात्न सकिने माछा यसको मुख्य आहारा हुन्छन्। बकुल्लाको उपस्थिति भएको सिमसार क्षेत्र प्राकृतिकरुपमा माछाको लागि उपयुक्त मानिन्छ ।

साथै यसले समात्न खोज्दा आफूलाई जोगाउन भाग्ने कारणले माछालाई सक्रिय राख्छ जसले माछा फस्टाउन मद्दत गर्दछ । झट्ट हेर्दा बकुल्लाले पोखरीबाट माछा खायो भनेर हामीले देख्ने गर्छौं तर यसले अप्रत्यक्षरुपमा माछा किसानलाई सहयोग पुऱ्याइरहेका हुन्छन् ।

पछिल्लो समय सिमसार क्षेत्रमा र वरिपरी फालिएको प्लाष्टिक हावाहुरीले सिमसार क्षेत्रमा पुऱ्याउनाले यस्ता चराहरु खतरामा पर्न थालेका छन् । चराको चुच्चोमा बेरिनुका साथै कहिले काहीँ पानीमा भएको प्लाष्टिकमा लुक्न खोजेको माछालाई समात्ने क्रममा माछासँगै प्लाष्टिक पनि चराको घाँटीमा अड्केर चराहरु मर्ने गरेका छन्। यस्ता चराहरु लाई देख्ने बित्तिक्कै हामीले प्लाष्टिक हटाउने प्रयास गर्नु पर्छ ।

कालो जुनबकुल्ला थोरै मात्रामा पाईन्छन् । फेविकोल जस्तो टाँसिएको प्लाष्टिक चराको चुच्चोबाट हटाएर केही समयको लागि पोखरीको छेऊमा राख्दा चरा बिस्तारै सक्रिय भयो । आफैले माछा समात्न शुरु गरेर केही समयपछि सो चरा उड्न थाल्यो । चरा उद्धार गरी प्लाष्टिक झिक्ने र फेरी प्राकृतिक वासस्थानमा छोड्ने काम सुवोध आचार्य, गौतम राज मण्डल र देव नारायण मण्डलले गरे । प्रकृतिमा मनुष्यको अस्तित्व जोगाउन चराको उपस्थिति अति नै आवश्यक भएकोले यसको संरक्षण गर्नु मानवको अस्तित्व संरक्षण गर्नु सरह नै हो ।

## बागमती गोल्डकप : सेमिफाइनलमा चित्लाङ र नव जनजागृति भिड्दै

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनल खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लब र बाराको नवजनजागृति युवा फुटबल क्लब भिड्दैछ ।

प्रतियोगिता अन्तर्गतको खेल दिउँसो ३:३० बजेदेखि बागमती-४ स्थित सहिद स्मृति रंगशालामा हुनेछ । विजेता टोलीले फाइनलमा शनिबार सर्लाहीको बागमती युथ क्लबसँग प्रतिस्पर्धा गर्नेछ। मंगलबार भएको समूह चरणको खेलमा साविक उपविजेता मच्छिन्द्र एफसिलाई १-० गोलले हराएका थिए भने चित्लाङ एफसिल सेमिफाइनलमा प्रवेश गरेको थियो ।

# प्रगति माविको ४ कोठे भवन शिलान्यास

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयको ४ कोठे भवन निर्माण सुरु गरिएको छ। सोमबार विद्यालय भवन निर्माण कार्यको शिलान्यास गरिएको हो ।

राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ६० लाख रुपैयाँ बजेटमा भवन निर्माण हुन लागेको विद्यालयका प्रधानाध्यापक किशोर पराजुलीले जानकारी दिए। ४ कोठा रहने २ तले उक्त भवन असार मसान्तसम्म निर्माण सकिने प्रधानाध्यापक पराजुलीले बताए। हाल विद्यालयमा ३० वटा कक्षाकोठा रहेकोमा अपुग भएकोले थप कक्षाकोठा निर्माण गर्न लागेको पराजुलीले बताए ।

प्रगति माविमा १२ कक्षा सम्म पठनपाठन हुन्छ। शैक्षिक सत्र २०८२ मा १ हजार २ सय ७५ जना विद्यार्थी रहेको विद्यालयले शैक्षिक सत्र २०८३ मा विद्यार्थी संख्या १ हजार ३ सय ५० पुग्ने अनुमान गरेको छ। (

# वीरगञ्जबाट छपरासम्म कसरी पुगेका थिए आर्या र रिद्धिसिद्धी ?

सन्देश संवाददाता

वीरगञ्ज/वीरगञ्ज महानगरपालिका-१० घडिअर्वाबाट दुई दिनदेखि बेपत्ता भएका १४ वर्षीय दुई बालिकालाई भारतको बिहार स्थित छपरा रेल्वे स्टेसनबाट सकुशल उद्धार गरिएको छ ।

उद्धार गरिएका बालिका हरूमा दीपेन्द्र कानुकी छोरी आर्या गुप्ता र विनोद सहनीकी छोरी रिद्धिसिद्धी (नाव्या) सहनी रहेका छन् । उनीहरू गत सोमबार अपराह्न करिब साढे ३ बजे ट्युसन पढ्न जाने भन्दै घरबाट निस्किएका थिए। साँझसम्म सम्पर्कमा नआएपछि परिवारले प्रहरीमा उजुरी दिएका थिए ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता, प्रहरी नायब उपरीक्षक (डिएसपी) राजु कार्कीका अनुसार, मंगलवार साँझ भारतीय प्रहरीको सहयोगमा छपरा रेल्वे स्टेसनबाट उनीहरूलाई उद्धार गरिएको थियो । त्यसपछि राति नै वीरगञ्ज ल्याई जिल्ला प्रहरी कार्यालयको सेफ हाउसमा राखेर बुधवार अभिभावकको जिम्मा लगाइएको छ । आर्याका काका लालबाबु कानु र रास्वपा युवा नेता लखन गुप्तालाई जिम्मा दिइएको थियो ।

***बालिकाहरू कसरी पुगे छपरासम्म :***

प्रहरी अनुसन्धान अनुसार, रिद्धिसिद्धी वीरगञ्ज इस्कोन कार्यालय आउजाउ गर्ने क्रममा थिइन् । उनले नै आर्यालाई मथुरा-वृन्दावन धाम घुम्न जाने प्रस्ताव राखेकी थिइन् । ट्युसन पढ्न जाने बहानामा दुवै जना घरबाट निस्किएर सीमावर्ती रक्सौल रेल्वे स्टेसन पुगेका थिए ।

त्यहाँबाट रेल चढेर नरकटियागञ्ज, त्यसपछि गोरखपुर (उत्तर प्रदेश) हुँदै मुजफ्फरपुर र अन्ततः मंगलवार छपरा रेल्वे स्टेसन पुगेका थिए । मथुरा जानका लागि रेलको भाडा तिर्ने पैसा नभएपछि रिद्धिसिद्धीले आफ्नी बहिनीको मोबाइलमा क्यूआर कोड पठाएकी थिइन् ।

सोही क्यूआर कोडको आधारमा पर्सा-२ का सांसद सुशीलकुमार कानुले पर्साका प्रहरी उपरीक्षक सुदीप राज पाठकलाई जानकारी गराएका थिए । नेपाल प्रहरीले भारतीय प्रहरीसँग समन्वय गरी बालिका हरूको लोकेशन ट्रेस गरेको थियो ।

भारतीय प्रहरीले रेल्वे स्टेशनबाटै उनीहरूलाई नियन्त्रणमा लिएर नेपाल प्रहरीलाई जानकारी गराएको थियो । सांसद कानुको समन्वयमा आर्याका काका र युवा नेता लखन गुप्ता छपरा पुगी बालिकाहरूलाई जिम्मा लिएर नेपाल फर्काएका थिए ।

**उखान:** काग कराउँदैछ पिना सुक्दैछ ।

**|||| बेलाको बोली ||||**

अस्वस्थ्यकर जीवन जीवन होइन, बस पीडाको एक स्थिति हो ।

*- गौतम बुद्ध*

## सम्पादकीय

# जीवनउपयोगि शिक्षाको खांचो

नेपाल सरकारले यही वैशाख २१ गतेयता निजी वा सामुदायिक कुनै पनि विद्यालयमा पठन-पाठन नगराउन निर्देशन नै दियो । यसअघि वैशाख २ गतेबाट शैक्षिकसत्र शुरू हुने गरेकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैशाख १५ गते नयाँ शैक्षिक सत्र शुरू भएपछि मात्र भर्ना अभियान गर्न र पठनपाठन वैशाख २१ बाट शुरू गर्न निर्देशन दियो । त्यसैगरी विद्यालयले पनि हप्तामा दुई दिन बिदा दिनुपर्ने र कानुन विपरीत अभिभावकहरूबाट विभिन्न शुल्कका नाममा रकम लिन नपाइने निर्देशन जारी गरेको छ । त्यसकारण वैशाख २ गतेबाट पढाइ संचालन हुने विद्यालय अहिलेसम्म संचालन हुन सकेका छैनन् । बजारमा नयाँ संस्करणका पुस्तकहरू आएका छन् तर पाठ्यक्रम फेरिएको देखिन्न ।

नेपाल विभिन्न जातजाति तथा धर्म संस्कृति भएको मुलुक हो । नेपालको संविधान २०७२ ले धर्मनिरपेक्षतालाई संविधानको आधारभूत विषयका रूपमा परिभाषा गरेको छ । तदनुरूप देशका सम्पूर्ण जातजाति तथा धर्म संस्कृति भएका जनताप्रति राज्यले समान उत्तरदायित्व वहन गर्नुपर्दछ । नेपालमा पर्व बिदाहरू धेरै छन् । नेपाल विश्वमा सबभन्दा धेरै सार्वजनिक बिदा हुने मुलुकहरूमध्ये एक हो । यसमा पनि हप्तामा दुई दिन बिदा गर्नुपर्ने सरकारी निर्णय विद्यालयमा समेत लागु गर्न खोजिएको छ । सरकारको यो निर्णयले एकातिर शिक्षकले आफूले पढाउनुपर्ने कोर्ष पूरा गर्न कठिन हुने अर्कोतिर विद्यार्थीले शिक्षकबाट ज्ञान आर्जन गर्ने मौका कम पाउने हुनाले नेपालमा अनाधिकृतरूपमा मौलाइ-रहेको ट्यूशन प्रणालीले थप मौलाउन पाउने अवसर सिर्जना हुने संभावनालाई पनि नकार्न सकिन्न ।

नेपालको शिक्षा व्यवस्थामा नैतिक शिक्षाको आवश्यकता लामो समयदेखि खट्कँदै आएको हो । शिक्षा देश र समाजमा उत्पन्न हरेक समस्यामाथि चिन्तन र विचार गर्ने लायकको हुन आवश्यक छ । शिक्षा यान्त्रिक र परम्परागत भयो भने मानिस विवेकवादी, मानवतावादी र सिर्जनशील हुन सक्दैन । त्यसकारण सरकारले पठन-पाठनको समय अवधि मिलाउने कुरामा प्राविधिकरूपमा व्यावहारिक नीति अपनाउन आवश्यक छ । नेपालको शिक्षा व्यवस्थालाई वैज्ञानिक, नैतिक, जीवनमुखी, विवेकवादी, तार्किक र सिर्जनशील धरातलमा उभ्याउन अति जरूरी छ ।

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष:** नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ ।

**बृष:** परिएला । परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । बुद्धि खर्चनुपर्ला । आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ ।

**मिथुन:** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । व्यापारमा राम्रै नाफा उठाउन सकिनेछ । प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ ।

**कर्कट:** राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछो डिएका परिवारजनसँग भेटघाट हुनेछ ।

**सिंह:** नयाँ कामतर्फ अग्रसर भइनेछ । आम्दानी बढ्नाले जीवन शैलीमा पनि परिवर्तन आउन सक्छ । समयमा होस नपुग्नाले व्यवहारमा पछि ।

**कन्या:** तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ । समाजले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसर प्राप्त हुनछ ।

**तुला:** अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । समयअनुसार चल्न नसक्दा अलि दुःख पाइनेछ, खोजी गर्ने समय छ ।

**बृश्चिक:** ले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर दिलाउनेछ । काम देखाएर फाइदा लिने समय छ ।

**धनु:** न्यून प्रतिफल हातपार्न सफल भइनेछ । धैर्य एवम् लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ । कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ ।

**मकर:** आवश्यक स्रोतसाधन जुट्नाले नयाँ कामतर्फ आकर्षित भइनेछ । मेहनतीहरूका लागि समय निकै उत्साहजनक र लाभदायक रहनेछ ।

**कुम्भ:** आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । स्वास्थ्य-चिन्ताले पनि सताउनेछ । अध्ययनमा बाधा हुनेछ र लक्ष्य प्राप्त गर्न समय लाग्नेछ ।

**मिन:** स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# अर्धसत्य हल्ला र सुकुम्बासीको वास्तविकता



✍राजुराम राउत



सत्यतथ्य छानबिन हुनुपर्छ, यो निस्सन्देह राम्रो कुरा हो । तर, छानबिन नगरी बारम्बार विभिन्न लाञ्छना उछालेर अब्यबस्थित बसोबासी, भुमिहिन, सुकुम्बासी र शहर केन्द्रित श्रमजीवीलाई पीडा दिनु असल नागरिकको कर्तव्य हुँदै होइन । लोकतन्त्रमा प्रश्न उठाउनु अधिकार हो, तर आधार विहीन आरोप लगाउनु अधिकार होइन । यो त समाजलाई भ्रमित बनाउने माध्यम मात्रै हो । लाखौंमध्ये केही खराब निस्कन सक्छन्, तर सोही सीमित उदाहरणलाई बारम्बार चिमोटिरहनु परिवर्तनको सूचक होइन । दुर्भाग्यवश, यस्ता प्रवृत्तिहरू अहिले हाम्रो समाजमा प्रष्ट देखिंदै आएका छन् ।

अहिले बजारमा फैलिएको अर्धसत्य बुझाइको हल्लाले समाज दिनानुदिन खस्कँदै गएको छ । सामाजिक सञ्जालको तीव्र प्रभावले तथ्यभन्दा धारणा छिटो फैलिन्छ । यसले गर्दा र ाजनीति र राष्ट्रसेवामा समर्पित वर्गले अनावश्यक पीडाबोध महसुस गरिरहेको छ । अझ गम्भीर कुरा के छ भने, यस्ता हल्लाले जनविश्वास नै कमजोर बनाउने खतरा पैदा गरेको छ । भर्खरै उच्च प्रशासक, प्रहरी नेतृत्व र बुद्धिजीवीहरूले सार्वजनिकरूपमा व्यक्त गरेका धारणा पनि यही चिन्ताको प्रतिबिम्ब हुन् ।

यसै सन्दर्भमा, 'जग्गाधनी पुर्जा' र 'सुकुम्बासी लालपुर्जा' सम्बन्धमा देखिएको भ्रम हटाउन आवश्यक देखिन्छ । धेरैले बुझ्ने प्रयास नगरी टिप्पणी गर्ने प्रवृत्ति बढ्दो छ, जसले विषयलाई अझ जटिल बनाएको छ । हामीले के बुझ्नुपर्छ भने, पञ्चायती व्यवस्थाको समयमा करिब ६० प्रतिशत जग्गाधनीहरूले लालपुर्जा पाएका थिएनन् । उनीहरूको नाम केवल फिल्ड नापीमा दर्ता थियो, कानुनी स्वामित्व भने अधुरो थियो । यसले ठूलो संख्यामा नागरिकलाई कानुनी असुरक्षामा राखेको थियो । बहुदल प्रजातन्त्रको पुनर्स्थापनापछि यस समस्यालाई समाधान गर्न राज्यले विभिन्न समयमा विभिन्न अधिकार सम्पन्न आयोगहरू गठन गऱ्यो, जसमा 'सुकुम्बासी समस्या समाधान आयोग' प्रमुख थियो । यस आयोगमार्फत् जग्गा वितरण र पुर्जा प्रदान गर्ने कार्य निश्चित मापदण्डका आधारमा गरिएको थियो । तीमध्ये प्रमुख आधारहरू यस प्रकारका छन्

पहिलो, नापीमा कित्ताकाट भई फिल्डबुकमा नाम भएका तर पुर्जा नलिएका व्यक्तिहरूलाई हकभोगको आधारमा जग्गाधनी लालपुर्जा प्रदान गरियोस ।

दोस्रो, 'नघटी-नबढी' सिद्धान्त अन्तर्गत, वास्तविक हकभोग र नापी विवरणबीच फरक देखिएमा आवश्यक समायोजन गरी पुर्जा दिइयोस् ।

तेस्रो, वन, खोलानाला वा सार्वजनिक जग्गामा नपरेका तर वर्षौंदेखि खेती गर्दै आएका किसानलाई हकभोगका आधारमा स्वामित्व दिइयोस् ।

चौथो, राणाकाल र पञ्चायती कालमा राज्यबाट हुकुम प्रमाणीकरण (हुप्र) मार्फत् प्रदान गरिएका जग्गालाई पनि वैधानिकता दिइयोस ।

पाँचौं, वास्तविक सुकुम्बासी- जससंग कुनै पनि आवास वा खेतीयोग्य जमिन थिएन, उनीहरूलाई प्राथमिकताका आधारमा जग्गा वितरण गरियोस् ।

छैठौं, भुमिहिन दलित, कमैया, शोषणमा परेका उत्पिडितलाई सामाजिक न्यायको आधारमा जग्गा बितरणसहित जग्गाधनी पुर्जा दिईयोस् ।

सातौं, हकभोगको निस्ता तथा प्रमाणको आधारमा प्रचलित कानुनी आधारको राजस्व ( जग्गा रजिष्ट्रेशन दस्तुर) सहित जग्गाधनी पुर्जा बितरण गरियोस् ।

आठौं, मध्यवर्ती क्षेत्र, राष्ट्रिय निकुञ्ज (बफरजोन क्षेत्र), बनक्षेत्र सिमाङ्कन् तर ३० बर्षभन्दा लामो समय खेति गर्दै आएका खेतियोग्य र पर्ति जग्गा, भोगचलनसहितको ऐलानी लगायतका कानुनी अड्चनले जग्गाधनी पुर्जा बितरणमा समस्या परेकालाईसमेत समेटेर कानुनी आधारमा जग्गाधनी पुर्जा बितरणको कानुन बनाई समस्या समाधान गर्न खोजिएकोमा प्रतिपक्षको बिरोध र कानुनि अड्चनले रोकियो । पछि, सरकार परिवर्तनसंगै सूचना संकलन र प्रमाण जुटाउने प्रक्रियामै आयोग खारेजीमा परहेको हो ।

यस प्रक्रियालाई अझ स्पष्ट बुझ्न आवश्यक छ । पुर्जा वितरण कुनै व्यक्तिको व्यक्तिगत पहुँच वा राजनीतिक दबाबका आधारमा भएको होइन । यो त बिशुद्धरुपमा स्थानीय सरकारको समस्या उठान, पहिचान र निराकरण निर्णयसहितको सिफारिसको आधारमा हने प्रक्रिया र कानुनी मान्यता थियो । यसका लागि बहु-स्तरीय संयन्त्रको संलग्नता थियो । स्थानीय बासिन्दा, बुद्धिजीवी, सर्वदलीय संयन्त्र, मालपोत र नापीका प्राविधिकहरूले संयुक्तरूपमा फिल्ड सर्वेक्षण र सर्जिमिन मुचुल्का तयार पार्थे ।

त्यसपछि नगरस्तरीय संयन्त्रको सिफारिस हुन्थ्यो । जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृत, नापी अधिकृत, वन अधिकृत लगायतको सहभागितामा निर्णय गरिन्थ्यो ।

अन्ततः केन्द्रीय सुकुम्बासी समस्या समाधान आयोगले समग्र निर्णय लिई आवश्यकताअनुसार मन्त्रिपरिषद्बाट स्वीकृति गराई पुर्जा वितरण गरिन्थ्यो ।

यसरी हेर्दा, यो प्रक्रिया केवल 'सुकुम्बासीलाई जग्गा बाँढियो' भन्ने सरल व्याख्याभन्दा धेरै जटिल र नीतिगतरूपमा व्यवस्थित थियो । अझ रोचक कुरा के छ भने, २०५२ सालपछि पुर्जा पाएका धेरै व्यक्तिहरूको कागजातमा 'सुकुम्बासी समस्या समाधान आयोग' उल्लेख गरिएको हुन्छ । अब प्रश्न उठ्छ, के उनीहरू सबै सुकुम्बासी हुन् त ?

स्पष्टरूपमा होइनन्, त्यसैले, उपरोक्त आधारमा पुर्जा पाएका व्यक्तिलाई 'सुकुम्बासी' भनेर लाञ्छना लगाउनु नीतिगत अज्ञानता हो । अझ, सुकुम्बासीको रूपमा पुर्जा पाएका व्यक्तिले समयसँगै मेहनत र व्यवसायबाट आर्थिक उन्नति गरे भने, त्यसलाई शंकाको दृष्टिले हेर्नु झन् गलत हो । "सुकुम्बासीको यत्रो सम्पत्ति ?" भन्ने प्रश्न उठाउनु भन्दा "के सुकुम्बासी संधैं सुकुम्बासी नै रहनुपर्छ भन्ने हो ?" प्रश्न उठाउनु बढी सान्दर्भिक हुनेछ ।

नीतिगतरूपमा हेर्दा, सुकुम्बासी समस्या समाधान आयोगको उद्देश्य केवल जग्गा वितरण गर्नु मात्र थिएन । यसको मूल लक्ष्य सामाजिक न्याय, आर्थिक समावेशिता र भूमिसम्बन्धि असमानताको अन्त्य गर्नु थियो । नेपालको संविधानले पनि आवासको अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ । त्यसैले राज्यले भूमिहीन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नु आफ्नो कर्तव्य ठानेको हो ।

तर, यस प्रक्रियामा कमजोरी नभएका होइनन् । कतिपय अवस्थामा राजनीतिक प्रभाव, प्रशासनिक ढिला सुस्ती र अनियमितताको आरोप पनि लागेका छन् । यही कारणले आज पनि सुकुम्बासी समस्या पूर्णरूपमा समाधान हुन सकेको छैन । तर, केही कमजोरीका आधारमा सम्पूर्ण प्रक्रिया र त्यसबाट लाभान्वित भएका नागरिकलाई दोषारोपण गर्नु न्यायोचित हुँदैन ।

आजको आवश्यकता भनेको तथ्यमा आधारित बहस हो । यदि कसैले अनियमित तरिकाले जग्गा प्राप्त गरेको छ भने, त्यसको निष्पक्ष छानबिन हुनुपर्छ । दोषी प्रमाणित भए कानुनबमोजिम कार-बाही हुनुपर्छ । तर, प्रमाणाबिनै आरोप लगाएर सामाजिक प्रतिष्ठामा आँच पुऱ्याउनु लोकतान्त्रिक मूल्यविपरीत हुन्छ । अहिले जनताको अपार माया र भरोसाले सरकार बनेको छ । यस्तो अवस्थामा सरकारको दायित्व झन् बढेको छ- निष्पक्षता, पारदर्शिता र कानुनी शासन सुनिश्चित गर्न । सुकुम्बासी समस्या जस्तो संवेदनशील विषयमा गहिरो अध्ययन, स्पष्ट नीति र दृढ कार्यान्वयन आवश्यक छ ।

अन्तत:समाजलाई सही दिशामा लैजान हामी सबै जिम्मेवार हुनैपर्छ । आलोचना गरौं, तर तथ्यका आधारमा । समर्थन गरौं, तर अन्धो भएर होइन । किनकि अर्धसत्यको हल्लाले केवल व्यक्तिलाई होइन, सम्पूर्ण समाजलाई कमजोर बनाउंछ । यदि हामीले समयमै सत्य र असत्य छुट्याउन सकेनौं भने, भोलि इतिहासले हामीलाई पनि उही अज्ञानताको घेराभित्र राख्नेछ । त्यसैले, अब आवश्यक छ- भावना भन्दामाथि उठेर तथ्यको पक्षमा उभिने साहस ।

*: समाप्त :*

---

# युवा रोजगारीका आयाम



✍जुनारबाबु बस्नेत

देशमा सबैभन्दा ठुलो र जटिल समस्या बेरोजगारी नै रहेको छ । यताका दशकमा देशको अर्थतन्त्र रोजगारी विस्तार गर्ने गरी विकास हुन सकेन । बर्सेनि पाच लाखभन्दा बढी युवा जनशक्ति नेपाली श्रमबजारमा प्रवेश गर्ने भए पनि त्यसको सीमित अंश पनि रोजगारी सिर्जना हुन सकेन । बरु कतिपय अर्धरोजगारीसमेत धानेको कृषि क्षेत्रबाट श्रमशक्ति पलायन तीव्र हुँदै गयो । गाउँघरबाट कृषि श्रमशक्ति विस्थापन हुन थाल्यो । मलिला र उर्वर खेतबारी बन्जर हुँदै गए । कृषिउपज आयातमा बढी निर्भर हुन थाल्यो ।

औद्योगिक उत्पादन कमी हुँदै गयो । कहिले ऊर्जा, कहिले श्रम विवाद त कहिले गलत नीतिका कारण औद्योगिक क्षेत्रको रोजगारी खुम्चियो । फलस्वरूप यता केही दशकमा अध्ययन र रोजगारीका निम्ति ६० लाखभन्दा बढी नेपाली युवाले देश छोड्नुपर्ने विडम्बना देखियो । यसले राजनीतिक क्षेत्र र खास गरी सत्तामा पुगेकाहरूप्रति असन्तुष्टि बढ्दै गयो । त्यो असन्तुष्टि गत वर्ष भदौ विद्रोहका रूपमा विकास भई त्यसले राजनीतिक परिवर्तन गर्न सक्यो । फागुन २१ को निर्वाचनले अहिले बलियो जनादेशमा आधारित नयाँ सरकार चौतर्फी सुधारका कार्ययोजनामा क्रियाशील छ । युवा रोजगारीको ठुलो आशा पलाएको छ । यतिबेला नयाँ सरकारको नयाँ बजेट तयारी हुँदैछ । युवा रोजगारी सिर्जनालाई केन्द्रमा राखेर योजना, नीति र कार्यक्रम अपेक्षित छ ।

अर्थतन्त्र लगानी विस्तारबाट मात्रै थप रोजगारी सिर्जना हुँदै जान्छ । देशमा युवा बेरोजगारीको चित्र जटिल नै देखिएको छ । यो जटिलता चिर्न देशभित्रै युवाको भाग्य र भविष्य खोज्नु पर्नेछ । त्यसप्रति नीति, योजना र कार्यक्रम अपरिहार्य छ । यही दिशामा काम गर्न समयले उच्च माग पनि गरेको छ । बेरोजगारी समस्या निराशाजनक र दीर्घकालीन समस्याका रूपमा देखिएको छ । राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा अहिले बेरोजगारीभन्दा ठुलो चुनौती अर्को छैन । बेरोजगारी दर बढ्दो क्रममा देखिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो अध्ययन अनुसार नेपालमा युवा बेरोजगारी दर १२.७ प्रतिशत पुगेको छ । योभन्दा ठुलो अर्धबेरोजगारी अझ चरम अवस्थामा छ । रोजगारीमा रहेका अधिकको उचित पारिश्रमिक छैन । महंगी भने निरन्तर बढिरहेको तर आय नबढ्दा जीवन धान्न कठिन हुँदैछ । यसले बैदेशिक रोजगारीमा जान बाध्य नै बनाएको छ । पश्चिम एसियामा भइरहेको अहिलेको युद्ध र अशान्तिले बैदेशिक रोजगारी पनि जोखिममा पारेको छ ।

देशभित्र न्यूनतम रोजगारीका अवसर नहुँदा नै वैदेशिक रोजगारीको बाध्यता सिर्जना भएको हो । बैदेशिक रोजगारी पनि सुरक्षित छैन । सिप, क्षमता र दक्षतामा कमी तथा त्यसअनुरूप काम नहुँदा नेपाली युवा श्रमिकको पीडा सघन छ । तथापि वैदेशिक रोजगारीमा रहेका युवाकै विप्रेषणबाट अर्थतन्त्रको वर्तमान चक्र चलिरहेको छ । विप्रेषणमा अवरोध आउनासाथ त्यो चक्रमा असन्तुलन पैदा भई देशभित्रको लगानी, आय, उत्पादन र रोजगारीमा समेत प्रतिकूल प्रभाव पार्नेछ । बेरोजगारी विस्तारमा शिक्षाको भूमिका पनि उस्तै छ । सैद्वान्तिक शिक्षाका साथै प्राविधिक सिप र व्यावहारिक ज्ञानको कमीका कारण पनि रोजगारी र स्वरोजगारीमा दुष्प्रभाव परिरहेको छ । व्यापक लगानीका साथ उच्च शिक्षा हासिल गरेका युवा बेरोजगार हुनु अझै जटिल आयाम हो । नीतिगत कमजोरी, बनेका नीतिको पनि असहज कार्यान्वयन, सुशासनको अभाव र भ्रष्टाचारका कारण बिगतमा रोजगारी विस्तार हुन सकेन । यसबाट युवामा निराशा बढेको बिगत बिर्सन सकिन्न ।

नेपालमा युवा बेरोजगारी कोरानापछि झनै तीव्र हुन पुग्यो । सात वर्षअघिको कोभिड-१९ पछि करिब ३० लाखभन्दा बढीले नेपालमा रोजगारी गुमाएको अनुमान छ । नेपालको जनसंख्यामा १६ देखि ४० वर्षको उमेर समूहलाई युवा भनिने गरिन्छ । यसै समूहमा देशका ४० प्रतिशत जनसंख्याको भार छ । यसलाई कतिपय अर्थशास्त्रीले जनसाख्यिक लाभका रूपमा पनि अर्थ्याएका छन् तर मुलुक समग्र विकासमा यो लाभ लिने अवसर बाट वञ्चित छ । सरकारले यो अवसरलाई देशभित्रै आर्थिक विकासको आधार बनाउनु पर्छ । युवा बेरोजगारीलाई सम्बोधन गर्न यतिबेला अर्थतन्त्रका चार शीर्ष क्षेत्रलाई सम्बोधन गरिनुपर्ने छ । त्यसमा कृषि, ऊर्जा, पर्यटन र सूचना प्रविधि अर्थतन्त्रको विकास र युवा बेरोजगारी निरूपण गर्न मुख्य आधार हुन सक्छ । नयाँ आर्थिक वर्ष २०८३/८४ को बजेटमा यी चार क्षेत्रको विकास र विस्तारमा उत्पादनमुखी, प्रविधिमैत्री र युवा लक्षित नीति तथा कार्यक्रम अति आवश्यक छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले हालै सार्वजनिक गर्नुभएको आर्थिक स्थितिपत्र, २०८३ अनुसार पनि यी चार क्षेत्रको रूपान्तरणबाटै अर्थतन्त्रको विकास र विस्तारसँगै युवा बेरोजगारी निरूपणको माध्यम हुन सक्छ ।

रोजगारी विस्तारको पहिलो क्षेत्र त कृषि नै हो । कृषिबाट कसरी रोजगारीको आयाम विस्तार गर्न सकिन्छ । अहिले पनि कृषि क्षेत्रले झण्डै कुल गार्हस्थ उत्पादनको एक चौथाइ अंश ओगटेको छ । कुनैबेला कृषिप्रधान भनेको मुलुक अहिलेपछि परेको छ । कृषिमा आधुनिकीकरण हुन सकेको छैन । आधुनिकीकरण मात्र होइन, व्यवसायी-करण पनि हुन सकेको छैन । कृषि हाम्रो जरा भए पनि युवा जनशक्ति कृषि क्षेत्रबाट पर भाग्न चाहेको देखिन्छ । अब यो अवस्थामा ठुलो रूपान्तरण आवश्यक छ । युवालाई कृषिप्रति आकर्षित गर्ने योजना, नीति र कार्यक्रम आवश्यक छ । युवालाई कृषि पेशाप्रति गौरव गर्न सक्ने गरी नीतिगत र कार्यक्रमगत परावर्तन गर्नु परेको छ । घरेलु कृषिबाट मात्र उत्पादन र रोजगारी विस्तार हुन सक्दैन । यसबाट त जीविका पनि चल्न कठिन हुन्छ । कृषिलाई सामुदायिकीकरण, सहकारीकरण, यान्त्रिकीकरण र व्यावसायिकीकरणबाट मात्र रोजगारी विस्तार गर्न सकिन्छ । त्यसनिम्ति युवा किसान उत्पादन गर्न 'स्टार्टअप' आरम्भ गर्नुपर्छ । तीन तहकै सरकारका कार्यक्रम युवालाई कृषिमा आकर्षित गर्ने गरी उच्च र अग्र प्राथमिकतामा राखेर नीति, योजना र कार्यक्रम ल्याउनु पर्नेछ ।

कृषि अब परम्परागत तौरतरिकाले मात्र चल्दैन तर कृषिमा कतिपय परम्परागपत ज्ञान, सिप र शैली बिर्सन पनि मिल्दैन । परम्परागत ज्ञानमा आधुनिक प्रविधि र यान्त्रिकीकरण अप-रिहार्य छ । कृत्रिम बौद्धिकताले कृषि क्षेत्रमा दिन सक्ने ज्ञान, सिप र प्रविधिलाई उपयोगमा ल्याउनु पर्छ । त्यसनिम्ति कृषि क्षेत्रमा उत्पादनमूलक लगानी बढाउनु पर्छ । सहुलियतपूर्ण ऋण तथा अनुदानलाई कार्यमूलकढंगले प्राथमिकता दिनु पर्छ । बिगतमा राज्यले दिएको ऋण तथा अनुदानको व्यापक दुरुपयोग भएको गुनासो छ । ऋण तथा अनुदानले कृषि उत्पादन बढाउन नसकेको देखिएकै छ । यसमा अनकौं तथ्य र तथ्याङ्क बोलिरहेकै छन् । सहुलियतपूर्ण ऋणलाई केही ठुला घरानाले निहित स्वार्थमा दुरुपयोग गरेकोसमेत नपाइएको होइन । वास्तविक किसानसम्म सहुलियत र अनुदान पुग्न सक्ने वातावरणले मात्र कृषि प्रवर्द्वन हुन सक्नेछ ।

व्यावसायिक कृषिका निम्ति युवा गाउँ फर्कने वातावरण अबको कार्यसूची हो । हिजोका ती उर्वर तर अहिले बाँझो बन्दै गएका जमिन उपयोग नीति अगाडि बढाउनु पर्छ । कृषियोग्य जमिनलाई भूमि बैंकमार्फत् संस्थागत गरी करार तथा सहकारी खेतीको अवधारणा कार्यान्वयनमा ल्याउनै पर्नेछ । व्यक्तिगत प्रयासले मात्र बजार अर्थतन्त्र धान्न सक्ने कृषि क्षेत्रको विकास हुन नसक्ने भएकाले संस्थागत विकास अपरिहार्य छ । कृषिउपजको न्यूनतम मूल्य निर्धारण नै हुन नसक्नु समकालीन मूल समस्या हो । उपभोक्ताले महंगोमा किन्नुपर्ने र किसानले पनि उत्पादनको न्यूनतम र जायज मूल्य नपाउने समस्याले नेपालमा कृषिप्रति निराशा पैदा भएको हो । यो समस्याको नीतिगत सम्बोधन आवश्यक छ । कृषिउपजको भण्डारण र प्रशोधन उद्योग स्थापना आवश्यक छ । सिँचाइको अभावले मनसुनमा निर्भरता अनि बालीको बिमा व्यवस्थापन हुन नसक्दा पनि कृषिप्रति आकर्षण कम भएको हो । यी सबै पक्षमा ध्यान दिन सक्दा कृषि क्षेत्रले लाखौं रोजगारी सिर्जना गर्न सक्नेछ ।

कृषिपछि नेपालमा प्रत्यक्ष र परोक्ष रोजगारी सिर्जना गर्न सक्ने क्षेत्र ऊर्जा नै हो । ऊर्जा क्षेत्रको चालु आर्थिक वर्षमा २० प्रतिशत हाराहारीको योगदानले पनि यो क्षेत्रमा ठुलो सम्भावना देखिएको छ । झण्डै चार हजार एक सय मेगावाट विद्युत् उत्पादन भइरहेको छ र हजारौं मेगावाटका आयोजना निर्माणका क्रममा छन् । वर्षायाममा विद्युत् निर्यात हुन थालेको छ । हरित ऊर्जा भारत र बंगलादेशको बजार प्रवेश गरिसकेको छ । यसलाई पनि निरन्तरता दिँदै ऊर्जालाई देशभित्रै उद्यमशीलता प्रवर्धन गर्ने नीति अगाडि सार्नु पर्छ । उद्यमशीलता अगाडि बढाउन सस्तो ऊर्जाको उपयोग गरिनु पर्छ । यसबाट थप रोजगारी र स्वरोजगारी सिर्जना गरिनु पर्छ । देशभित्रैबाट हरित ऊर्जाको उत्पादन बढ्दा आयातित महंगो इन्धनप्रति निर्भरता घट्दै जाने छ । स्वच्छ ऊर्जाको आन्तरिक खपत वृद्धिले उत्पादनशील रोजगारी बढाउन सक्ने छ । विद्युतीय सवारी तथा चुलोको प्रवर्धनले जैविक र आयातित इन्धनको भार क्रमशः न्यूनीकरण गर्न सहयोग गर्नेछ । देशभित्रकै ऊर्जाले औद्योगिक क्षेत्रमा सस्तो बिजुली आपूर्ति हुन सक्दा उत्पादनशील लगानी बढ्न सक्छ ।

*साभार : गोरखापत्र*

*नेपालको स्वास्थ्य बीमा प्रणाली:*

# दीगोपनका लागि चरणबद्ध सुधारको मार्गचित्र




नेपालको स्वास्थ्य बीमा प्रणाली हाल संरचनागत जटिलता, वित्तीय दबाब, र सेवाप्रवाहमा असमानताको शिकार बनेको छ।

कुल जनसंख्याको करिब २८ प्रतिशत मात्र यसमा आबद्ध हुनु, राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम (एनएचआईपी), सामाजिक सुरक्षा कोष (एसएसएफ), कर्मचारी सञ्चय कोष (ईपीएप) बीच छुट्टा-छुट्टै योजनाहरू रहनु, र प्रत्यक्ष स्वास्थ्य खर्च (आउट अफ पकेट एक्सपेन्डिचर) अझै करिब ५० प्रतिशत हुनुले प्रणालीको कमजोर आधार देखाउंछ।

यो केवल प्रशासनिक कमजोरी मात्र होइन, नीतिगत अव्यवस्था, वित्तीय विसंगति र सेवा संरचनाको गहिरो असन्तुलन हो। उदाहरणका लागि, स्वास्थ्य बीमामा दाबी भुक्तानी दर न्यून हुंदा अस्पतालहरूले बीमित बिरामीलाई सेवा दिन हिच्किचाउंछन्, जसले विश्वास संकट निम्त्याउंछ। तलका चरणहरू यही विश्वास पुनर्निर्माण र प्रणाली गत सुधारमा केन्द्रित छन्।

१. तत्काल संकट समाधान :

-आपतकालीन तरलता प्रवाह: प्रणालीको पहिलो चुनौती 'विश्वास संकट' हो। सरकारले तुरुन्त १-२ अर्ब रुपैयां निकासा गरी अस्पताल हरूमा थुप्रिएका बीमा दावी भुक्तानी क्लियर गर्नुपर्छ।

यो केवल आर्थिक कदम मात्र होइन, प्रणाली पुनर्जीवनको आधार हो। यदि सेवा प्रदायकले समयमै भुक्तानी नपाए, उनीहरूले बीमित बिरामीलाई सेवा दिन अस्वीकार गर्न सक्छन्। जसले बीमाको सार नै मार्न सक्छ।

-प्रिमियम वृद्धिमा रोक र पुन-रावलोकन:

हालका बीमितहरूका लागि प्रिमियम वृद्धि रोक्दै स्वतन्त्र बीमाङ्कीय अध्ययन गर्नुपर्छ। 'प्रिमियम बढाउनु' लक्षणको उपचार मात्र हो। कारण के हो भने- अस्पताल चर्को शुल्क, फर्जी दाबी र कुशल जोखिम पूलिङको अभाव। त्यसैले पहिले यी समाधान गर्नुपर्छ।

-आपतकालीन राहत कोष:

अति जोखिममा रहेका समूह (गरिब, वृद्ध, अपाङ्गता भएका) का लागि विशेष कोष स्थापना गर्नुपर्छ। यसले प्रणालीलाई 'मानवीय संवेदना' सहितको बनाउंछ र सामाजिक न्याय सुनिश्चित गर्छ। यो कोष केन्द्र सर-कार, प्रदेश र स्थानीय सरकारको साझेदारीमा हुन सक्छ।

२. अल्पकालीन कानुनी र वित्तीय सुधार : अनिवार्य आबद्धता:

स्वैच्छिक प्रणालीलाई अनिवार्य बनाउंदै औपचारिक क्षेत्रबाट सुरु गर्नुपर्छ। ठूलो जोखिम समूह (युवा, स्वस्थ मानिस) बिना कुनै पनि बीमा प्रणाली टिक्दैन। अनिवार्यताले 'प्रतिकूल चयन' (एडभर्स सेलेक्सन) समस्या समाधान गर्छ। सुरुवातमा ठूला संस्थान, सरकारी कर्मचारी र निजी कम्पनीलाई अनिवार्य गर्नुपर्छ।

-मिश्रित कोष मोडेल:

आयकरमा १.५ प्रतिशत स्वास्थ्य बीमा कर (अस्ट्रेलियाको मेडि केयर प्रणाली जस्तै), सामाजिक सुरक्षा योगदान, र सुर्ती/मदिरा/चिनीयुक्त पेयमा फ्सिन ट्याक्स' एकीकृत गर्नुपर्छ। यो बहुस्रोत मोडेलले राजस्व स्थायित्व दिन्छ, तर पार दर्शिता नभए विश्वास संकट गहिरिन सक्छ। त्यसैले यस कोषको हरेक तीन महिनामा स्वतन्त्र लेखापरीक्षण अनिवार्य गर्नुपर्छ।

सह-भुक्तानी (१०-२० प्रतिशत):

आधारभूत र आपतकालीन बाहेकका सेवाहरूमा १०-२० प्रतिशत अनिवार्य सह-भुक्तानी लागू गर्नुपर्छ। यसले 'नैतिक जोखिम' (मोरल हजार्ड) कम गर्छ, मानिसहरू बीमा छ भन्दैमा अनावश्यक सेवा प्रयोग गर्दैनन्। तर गरिब तथा असहायका लागि छुट नीति आवश्यक छ।

३. फर्जी दाबी नियन्त्रण :

एकीकृत स्वास्थ्य परिचयपत्र:

सबै बीमा र सामाजिक सुरक्षा डाटालाई राष्ट्रिय परिचयपत्र (एनआईडी) संग जोडिएको एउटै डिजिटल पहिचानमा गाभ्नुपर्छ। यसले दोहोरो सुविधा (जस्तै: एकै व्यक्तिले स्वास्थ्य बीमा र एसएसएफबाट उपचार लिएको) र फर्जी दाबी अन्त्य गर्छ।

फर्जी दाबी नियन्त्रण संयन्त्र:

फर्जी दाबी नियन्त्रणबिना कुनै पनि बीमा प्रणाली दिगो हुँदैन। तर, यसका लागि बलियो कानून र प्रविधि दुवै चाहिन्छ। -शीर्ष ५०० रोगहरूको उपचार निर्देशिका स्तरीकृत गर्ने (जस्तै: एपेन्डिसाइटिसको शल्यक्रियाको अधिकतम शुल्क तोक्ने)।

-रियल-टाइम डिजिटल दावीका लागि ईएमआर अनिवार्य गर्ने।

-तेस्रो-पक्ष प्रशासक (टीपीए) र स्वतन्त्र लेखापरीक्षक नियुक्त गर्ने, महंगो उपचार (जस्तै: क्यान्सर, हार्ट बाइपास) का लागि पूर्व-स्वीकृति अनिवार्य गर्ने।

-प्रमाणित फर्जी दाबीलाई कानुनी दायरमा ल्याउने।

-गेटकिपिङ: प्राथमिक उपचार चिकित्सकहरूलाई गेटकिपरको रूपमा काम गर्न अधिकार दिने। विशेषज्ञहरूलाई भेट्नुअघि बिरामी हरूले अनिवार्यरूपमा प्राथमिक उपचार केन्द्रबाट सिफारिस लिनु पर्नेछ, जसले अनावश्यक परीक्षण र ठगीलाई धेरै हदसम्म कम गर्छ।

पुनर्बीमा र पुलिङ:

महंगा उपचारको जोखिम व्यवस्थापनका लागि पुनर्बीमा व्यवस्था लागू गर्नुपर्छ। पुनर्बीमा गर्ने संस्था सुरुमा राष्ट्रिय बीमा संस्थान वा अन्तर्राष्ट्रिय पुनर्बीमा कम्पनी हुन सक्छ। यसले ठूलो दाबीको प्रभाव कोषमा एक्कासी पर्न दिंदैन।

४. संरचनात्मक सुधार :

एकल-भुक्तानी मोडेल :

९० प्रतिशत जनसंख्यालाई समेट्ने लक्ष्यका साथ सबै योजना-हरूलाई एकीकृत राष्ट्रिय स्वास्थ्य कोषमा गाभ्नुपर्छ। यस कोषले कम्तीमा ३ महिनाको दावी धान्ने बीमांकीय रूपमा सुरक्षित रिजर्भ राख्नुपर्छ। जसको अर्थ कुनै पनि बेला कोषमा ६-९ अर्ब रुपैयां रिजर्भ हुनुपर्छ।

केन्द्रीकृत खरिदमार्फत् लागत न्यूनीकरण:

औषधी र चिकित्सा सामग्री हरूका लागि केन्द्रीकृत, थोक-खरिद (bulk Purchasing) मोडेलमा जाने, जसले समग्र स्वास्थ्य सेवा लागतलाई २० प्रतिशतदेखि ४० प्रतिशतसम्म घटाउन मद्दत गर्छ।

प्रशासनिक परिवर्तन :

स्वास्थ्य बीमाको नियामक सुपरिवेक्षण स्वास्थ्य मन्त्रालय (स्वास्थ्य बीमा बोर्ड) बाट हटाएर नेपाल बीमा प्राधिकरणलाई हस्तान्त-रण गर्नुपर्छ। स्वास्थ्य बीमा कम्पनीमा परिमार्जन गरी अझ व्यावसायिक व्यवस्थापन गर्नुपर्छ।

# तमिलनाडुका भावी मुख्यमन्त्री विजयसंग ६ अर्ब बढी सम्पत्ति

काठमाडौं/तमिलनाडुमा तमिलगा वेत्री कझगम (टीवीके) को नेतृत्वमा सरकार बन्ने निश्चित भएको छ। साउथ सुपरस्टार विजय थलापतिको पार्टी टीवीकेले विधान सभा चुनावमा २ सय ३४ सिटमध्ये १ सय ८ सिट जितेको छ।

सरकार बनाउन १ सय १८ सिट आवश्यक पर्छ। विजय राजनीतिमा नयाँ अनुहार भएता पनि दक्षिण भारतीय फिल्मका परिचित अभिनेता हुन्। मार्च २०२६ मा दर्ता गरिएको चुनावी प्रतिवेदनअनुसार विजयको कुल सम्पत्ति करिब ६२४ करोड रहेको छ जसमा चल सम्पत्ति ४०४ करोड र अचल सम्पत्ति २२० करोड रहेको बताइएको छ। विलासी कारदेखि चेन्नईका महगा सम्पत्तिसम्म उनको जीवनशैलीले तमिल सिनेमामा उनको दशकौंको प्रभुत्व झल्काउंछ।

तीन दशकभन्दा लामो सफल फिल्म करियरसंगै उनले ब्राण्ड विज्ञापन र घरजग्गा लगानीबाट पनि उल्लेख्य आम्दानी गरेका छन्। विजयका चल सम्पत्ति करिब ४०४.५८ करोड छन्। जसअन्तर्गत नगद २ लाख, विभिन्न बैंक खातामा जम्मा विशेषगरी भारतीय ओभर सिज बैंकमा २१३ करोडभन्दा बढी रकम रहेको छ।

उनको एक्सिस बैंक, एचडीएफसी बैंक र भारतीय स्टेट बैंकमा करोडौंको फिक्स्ड डिपोजिट तथा कम्पनीमा लगानी र परिवारका सदस्यलाई दिएको ऋण समावेश छन्।

विजयसंग करोडौं मूल्यका उच्चस्तरीय गाडीहरूको संग्रह छ। जसमध्ये बीएमडब्ल्यू ५३०, लेक्सस आरएक्स ३५०,टोयोटा वेलफायर, बीएमडब्ल्यू आई७, रेञ्ज रोभर इभोक, अडि ए८ एल, फोर्ड मस्टाङलगायत अन्य प्रिमियम मोडेलहरूका कलेक्सन रहेका छन्।

विजयका अचल सम्पत्ति करिब २२० करोड मूल्यका छन्। जसमा कोडाइकनालमा कृषि जमिन, चेन्नईका प्रमुख स्थानहरू नीलाङ्रै, सालिग्रामम, पोरुर, मायलापुर र एग्मोरमा आवासीय तथा व्यावसायिक सम्पत्तिहरू, नीलाङरैको कासुरिना ड्राइभमा रहेको समुन्द्रकिनारको विलासी बंगला, जसको मूल्य करिब ७०-८० करोड बताइन्छ।

# रामकृष्ण ढकालको "मालती मंगले" प्रिमियरमा

काठमाडौं/शुक्रबारदेखि प्रदर्शनमा आउन लागेको 'मालती मंगले'ले प्रिमियरमा तारिफ पाएको छ। बुधबार आयोजित प्रिमियरमा फिल्म हेर्नेहरूले यसले उठान गरेको विषयवस्तु र प्रस्तुतिको प्रशंसा गरेका हुन्। फिल्मका कलाकारहरूको अभिनयको पनि प्रशंसा भएको छ।

प्रिमियरमा पुगेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले फिल्म राम्रो बनेको बताए। 'मालती मंगले' का निर्माता तथा लोकप्रिय गायक रामकृष्ण ढकालका पुराना साथीसमेत रहेका लामिछानेले नेपालमा भन्नैपर्ने कथा फिल्मले उठाएको प्रतिक्रिया दिए। उनले भने, 'मैले धेरैपछि फिल्म हेर्ने मौका पाएँ। यो फिल्म निकै राम्रो छ, कमेडी पनि छ, इमोसन पनि छ, कलाकार हरूको अभिनय तथा संवाद पनि राम्रो छ। आम दर्शक भएर हेर्दा यो फिल्म निकै राम्रो छ। निर्देशक नयाँ भए पनि नयाँले बनाएको फिल्म जस्तो लाग्दैन। म यो फिल्म हेरेर हाँसे पनि, इमोसनल पनि भएँ।'

वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले पनि फिल्म हेरेर यसको प्रशंसा गरेका थिए। प्रिमियर शोमा कलाकार हरू कृष्ण मल्ल, शर्मिला मल्ल, किरण केसी, यम बराल, सन्दीप क्षेत्रीलगायत फिल्मकर्मी, संगीतकर्मी, फिल्म युनिट तथा सञ्चारकर्मीहरूको बाक्लो उपस्थिति थियो।

रानी फिल्म्सको ब्यानरमा युनि इन्टरटेन्मेन्टको सहकार्यमा निर्माण भएको 'मालती मंगले' को निर्देशक प्रकु पाण्डेय हुन्। फिल्ममा विजय बराल, वर्षा राउत, मेक्सम गौडेल, प्रकाश घिमिरे, सरिता गिरी, नरिन थापा, मान्सु सापकोटा, सुस्मा निरौला, सुनिल तामाङलगायत कलाकारहरूको अभिनय छ। फिल्मको कथा निर्देशक पाण्डेय स्वयंले लेखेका हुन् भने पटकथा तथा संवाद संयोग गुरागाईले



तयार पारेका हुन्।

सागर ज्ञवाली कार्यकारी निर्माता रहेको यस फिल्ममा बाबु सुवेदी, र बिन श्रेष्ठ, वेदना कर्माचार्य, पद्मावती गुरुङ, स्वीकृति बस्नेत र मिलन बजगाई सह-निर्माताका रूपमा छन्। फिल्ममा महेश पौडेलको छायांकन, रोमी मोजेजको सम्पादन, कृष्ण भण्डारीको रंग संयोजन, सुजिल कर्माचार्यको ब्याकग्राउण्ड स्कोर र डिकेश खड्गीको ध्वनि मिश्रण रहेको छ।

आरआर फिल्म्सले वितरण गर्ने यो 'मालती मंगले' शुक्रबारदेखि देशव्यापीरूपमा प्रदर्शनमा आउँदैछ।

# बाटो खुलेसंगै 'लालीबजार' रिलिज

काठमाडौं/बिवादित नेपाल ी चलचित्र 'लालीबजार'ले प्रदर्शनको बाटो खुलेसंगै रिलिज डेट तय गरेको छ। फिल्म आज शुक्रबार बाट रिलिज हुने भएको छ।

'हामीले फिल्मलाई पर्सि शुक्रबारबाट रिलिज गर्नेछौं। अदालतले प्रदर्शनको बाटो खोलिसकेको अवस्थामा हामीले २५ वैशाखबाट सिनेमा प्रदर्शनमा ल्याउने निर्णय गर्यौं,' फिल्मका निर्माण टिमका सदस्य प्रदीप भट्टराईले सञ्चारकर्मीसंग भने, 'अहिले फिल्मको बुकिङ खुलिसकेको छ।'




'लालीबजार'लाई उच्च अदालत पाटनको संयुक्त इजलासले यसअघि जारी भएको अल्पकालीन अन्तरिम आदेश खारेज गरिदिएपछि आज शुक्रबारबाट चलचित्र प्रदर्शनमा आउन लागेको हो।

उच्च अदालत पाटनका न्यायाधीश खडानन्द तिवारी र नेत्रप्रकाश आचार्यको संयुक्त इजलासले बुधबार यसअघि एकल इजलासबाट चलचित्र प्रदर्शन रोक्न जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई खारेज गरिदिएको हो।

फिल्म १५ वैशाखबाट रिलिज हुने तयारीमा थियो। तर, प्रदर्शन र ोक्न माग गर्दै दायर भएको रिटमा अल्पकालीन अन्तरिम आदेश जारी भएको थियो। षट्कोण आर्ट्सले निर्माण गरेको फिल्मलाई यम थापाले निर्देशन गरेका हुन्।

# 'छ माया छपक्कै २' को छायांकन

काठमाडौं/७ वर्षअघिको सुपर हिट फिल्म 'छ माया छपक्कै' को दोस्रो श्रृंखला 'छ माया छपक्कै २'को छायांकन सुरू भएको छ। दीपक-दीपाको फिल्म 'छ माया छपक्कै २' को बुधबार काठमाडौं गागलफेदीबाट छायांकन थालिएको हो।

पहिलो दिन अभिनेता दीपकराज गिरी र अभिनेत्री केकी अधिका-रीको भागको दृष्य खिच्दै फिल्मको छायांकन प्रारम्भ गरिएको हो। 'छ माया छपक्कै २' दीपेन्द्र लामाले निर्देशन गर्दैछन्। सामाजिक-राजनीतिक कथावस्तुको फिल्म आमा सरस्वती मूभिज र रोहित अधि-कारी फिल्म्सको ब्यानरमा बन्न लागेको हो।

रोहित अधिकारी निर्माता रहेको फिल्मको छायांकन दुई चरणमा हुनेछ। पहिलो चरणमा ३० र दोस्रो चरणमा २० गरी ५० दिन छायांकन गरिने जनाइएको छ। दीपकराज र केकीसहित सनिशा भट्टराईको पनि शीर्ष अभिनय रहनेछ। अन्य कला-कार हरूबारे जानकारी दिइएको छैन। फिल्म आउदो दसैंको फूलपातीमा प्रदर्शनमा आउने भएको छ।

*एनपिएलको विषयमा क्यानभित्रको विवाद*

# खेलकुद परिषदमा छानबिन समिति गठन माग

काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान) का केन्द्रीय सदस्यहरू आफ्नो संस्था अपारदर्शी भएको र सुशासन कामय गर्न नसकेको भन्दै नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषदमा पुगेका छन्।

क्यानका नौ जना केन्द्रीय सदस्यको नाममा खेलकुद परिषदमा निवेदन दर्ता भएको छ। निवेदनमा दर्ता गर्नेमा उपाध्यक्ष रोशन सिंहसहित केन्द्रीय सदस्य प्रदीप मजगैया, माधव कर्माचार्य, बिरेन्द्रचन्द, अर्जुन पौडेल, जयन्ती भट्ट, दिवाकर घले, दुर्गाराज पाठक र बिक्रम बिष्ट छन्। यद्यपी निवेदनमा घले र बिष्टले भने हस्ताक्षर गरेका छैनन्।

निवेदनमा नेपाल प्रिमियर लिग (एनपिएल) सिजन २ सम्बन्धि सम्पूर्ण वित्तीय तथा प्रशासनिक कागजात र अटिड रिपोर्ट उपलब्ध गराइदिने, राष्ट्रिय खेलकुद परिषद्को प्रत्यक्ष निगरानीमा स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन समिति गठन गर्ने र छानबिन प्रक्रिया समयमा रूपमा सम्पन्न गरी सार्वजनिक प्रतिवेदन जारी गर्न माग गरिएको छ।

यसअघि केन्द्रीय सदस्यहरुले नेपाल प्रिमियर लिगको हिसाब पार दर्शी नभएको र हिसाब विवरण माग गरेका थिए। तर, उपलब्ध नभएपछि उनीहरूले पछिल्लो बोर्ड बैठक बहिष्कारसमेत गरेका थिए। यसका बावजुद क्यानले बहुमतको आधारमा नेपाल प्रिमियर लिगको हिसाबसहित विभिन्न निर्णय गरेको थियो।

खेलकुद परिषदलाई उनीहरूले बुझाएको पत्रमा भनिएको छ, 'संस्थाभित्र देखिएका गम्भीर वित्तीय, प्रशासनिक, प्रक्रियागत तथा सुशासनसम्बन्धि विचलनप्रति तपाईको ध्यानाकर्षण गराउंदै प्रचलित कानूनबमोजिम आवश्यक सूचना र काजगात उपलब्ध गराइ सुशासन कायम दिनुहुन औपचारिक रूपमा निवेदन पेश गर्दछौं।'

बोर्ड सदस्यहरुले नेपालको ऐनअनुसार पाउनु पर्ने सूचना लुकाएर क्यानले पारदर्शितता काम गर्न नसकेको पनि आरोप लगाएका छन्। क्यानले प्रत्येक वर्ष निर्धारित समयसीमाभित्र लेखापरीक्षण प्रतिवेदन तथा आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम र बजेट पेश गर्नुपर्ने दायित्व रहे पनि २०८१ को कात्तिकपछि साधारणसभा नगरेको र लेखा परीक्षण प्रतिवेदन पनि साधारणसभाबाट पास नगरेको उनीहरूको भनाइ छ।

२०८१ मंसिर भएको नेपाल प्रिमियर लिगको आयोजनादेखि नै पारदर्शितासम्बन्धि प्रश्नहरू निरन्तर उठ्दै आएका छन्। यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरीहरू दर्ता भइसकेको छ। खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् स्वयंले विभिन्न समयमा दुई वटा छानबिन समिति गठन गरेको भए पनि ती छानबिनको निष्कर्ष, पारदर्शिता र कार्यान्वयनबारे स्पष्टता आएको छैन।

राष्ट्रिय सूचना आयोगमा पनि एनपिएलको विषयमा सूचना माग गर्दै निवेदन परेको तथा माग गरिएको सूचनासमेत क्यानले उपलब्ध गराएको छैन। २०८२ फागुन १२ गते एनपिएलसम्बन्धि अनियमितताको विषयमा औपचारिक उजुरी दर्ता भएको र त्यसपश्चात् छानबिन कार्यदल गठन भए पनि प्रभावकारी परिणाम नआएकोमा केन्द्रीय सदस्यले गम्भीर चिन्ता व्यक्त गरेका छन्।

एनपिएलको दुवै सिजनक सम्बन्धि आय-व्यय विवरण, अडिट रिपोर्ट, सम्झौता/करारनामा र भुक्तानी तथा वित्तीय कारोबारसम्बन्धि ८ जना बोर्ड सदस्यहरूले बारम्बार औपचारिकरूपमा माग गर्दा पनि हालसम्म उपलब्ध गराइएको छैन।

२०८२ साउन महिनामा बसेको बोर्ड बैठकले सम्बन्धित ८ जना सदस्यहरूले लिखित माग गरेको प्रमाणित कागजात उपलब्ध गराउने र एनपिएलको वित्तीय विवरण अध्ययनपश्चात् मात्र सम्बन्धित प्रस्ताव पारित गर्ने निर्णय गरेको थियो। तर, उक्त निर्णय कार्यान्वयन नगरि बोर्डको सामूहिक निर्णय प्रक्रियामाथिको अवज्ञा मात्र नभई संस्थागत शासन प्रणालीको गम्भीर हनन भएको केन्द्रीय सदस्यहरुको भनाइ छ। उपलब्ध गराउने निर्णय गरेको तथा हिसाब अध्ययनपश्चात् मात्र पास गर्ने निर्णय पनि भएको थियो।

# बीजेपी कार्यकर्ताले भत्काए लेनिनको सालिक



हेटौंडा/भारतको पश्चिम बंगालको सभामा २९४ मध्ये २०७ सिटसहितको एकल बहुमत ल्याएर विजयी भएको भारतीय जनता पार्टी (बीजेपी)का कार्यकर्ताले भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)ले बनाएको लेनिनको सालिक भत्काएका छन्।

भारतीय मिडिया जी न्युजका अनुसार पश्चिम बंगालको मुर्सिदावादको जियागञ्जमा राखिएको शालिक भत्काइएको हो। मंगलबार चुनावी परिणाम आएसंगै उत्तेजित भएका बीजेपी कार्यकर्ताले सालिक भत्काएका हुन्।

मंगलबारै बीजेपी कार्यकर्ताले ममता बेनर्जीको दल तृणमूल कंग्रेसको कार्यालयमा डोजर चलाउनुका साथै आगजनी गरेका थिए। भाकपा (मार्क्सवादी)का अनुसार घटनामा जोडिएका पांच जनालाई प्रहरीले पक्राउ गरेको छ। 'सुवाषचन्द्र घोषको क्षेत्रमा लेनिन चाहिन्न' भन्दै सालिक भत्काइएको सामाजिक सञ्जालमा धेरै प्रतिक्रियाहरु देखिएको छ।

*पोखरा विमानस्थल भ्रष्टाचार प्रकरण:*

# पूर्वअर्थमन्त्री कार्कीसहित १४ जनाविरुद्ध मुद्दा



काठमाडौं/पोखरा क्षेत्रीय अन्त-र्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारविरुद्ध तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

जसमा १३ जना व्यक्ति र एक चाइनिज कम्पनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो। मुद्दामा अर्थ मन्त्रालयका तत्कालीन सचिव शंकरप्रसाद अधिकारी, पर्यटन मन्त्रालयका तत्कालीन सचिव महेश्वर न्यौपाने, सहसचिवहरू सुरेश आचार्य र डण्डुराज घिमिरे, पूर्वसचिव केवल भण्डारी, नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जीव गौतम, निवर्तमान महानिर्देशक प्रदीप अधिकारी, उपसचिव युवराज पाण्डे, शाखा अधिकृत उर्मिला भण्डारी तथा इन्जिनियर योगेश अर्याल पनि प्रतिवादी रहेका छन्।

त्यसैगरी चिनियाा कम्पनी सीएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेड का अध्यक्ष, परियोजना व्यवस्थापक र कम्पनीका म्यानेजर लाईसमेत मुद्दामा समेटिएको छ। विशेष अदालतका प्रवक्ता कृष्णशरण लामिछानेका अनुसार ठेक्का सम्झौतामा तोकिएको व्यवस्था विपरीत ठेकेदार कम्पनीलाई कर तथा राजस्व छुट दिई राज्यलाई हानी पुऱ्याइएको दाबीसहित मुद्दा अघि बढाइएको छ।

अख्तियारले यसअघि २१ मंसिरमा पांच पूर्वमन्त्रीसहितविरुद्ध मुद्दा दायर गरेको थियो भने ८ चैतमा पनि पोखरा विमानस्थल निर्माणसंग सम्बन्धित अर्को प्रकरणमा छुट्टै मुद्दा दायर गरेको थियो। बुधवार दायर गरिएको मुद्दा यस श्रृंखलाको तेस्रो चरणको कारबाही भएको बताइएको छ।

उनीहरुमाथि ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १ सय ६० रुपैयाा बराबर बिगो कायम गरिएको सहायक अख्तियारका प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए।

# जर्मनीमा एनआरएनए क्रिकेट टुर्नामेन्ट



काठमाडौं/जर्मनीमा नेपाली समुदायले पहिलो पटक 'एनआरएनए क्रिकेट प्रतियोगिता' आयोजना गर्ने भएका छन्। यस प्रतियोगिताको आयोजना नेपाली डार्मस्टाट क्रिकेट क्लब, नेपाल डार्मस्टाट फुटबल क्लब, एनआरएनए जर्मनी र एनआर एनए एलसीसी हेसेनले संयुक्तरूपमा गर्न लागेका हुन्।

आगामी मे ३० र ३१ तारिख (शनिबार र आइतबार) डार्मस्टाटमा आयोजना हुने यस प्रतियोगितामा जर्मनीका विभिन्न स्थानका उत्कृष्ट १० नेपाली क्रिकेट क्लबहरूले प्रतिस्पर्धा गर्नेछन्।

सहभागी हुने टोलीमा उत्तर र पूर्व क्षेत्र: एनएससीए (ह्यामबर्ग), एनआरसीसी (बर्लिन) र जीएनएससीसी (गोटिङेन), पश्चिम क्षेत्र: नेप्लिज स्टार्स (एनआरडब्लु), दक्षिण क्षेत्र: बीएनई (म्युनिख), एनएफसीटी (नुरेम्बर्ग) र टीडब्लु-११ (वाइनगार्टन) मध्य क्षेत्र: एनडिसीसी (डार्मस्टाट), एनएचएससी (म्यानहाइम) र एनसीटी (गिसेन) रहेका छन्।

प्रतियोगितामा सहभागी १० टोलीलाई दुई समूहमा विभाजन गरिनेछ। समूह चरणका खेलहरू पछि उत्कृष्ट प्रदर्शन गर्ने टोलीहरू उपाधिका लागि 'नकआउट' चरणमा प्रवेश गर्नेछन्।

विजेताले २,००२ यूरो र उपविजेताले १,००१ यूरो पुरस्कार जित्नेछन्। विधागत पुरस्कारहरमा प्रतियोगिताको उत्कृष्ट खेलाडी, उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर सहित म्यान अफ द म्याच (प्रत्येक खेलमा) प्रदान गरिने आयोजकले जनाएको छ।


संयुक्त आयोजक टोलीका अनुसार, 'यो प्रतियोगिता जर्मनीमा बढ्दै गएको नेपालीको उपस्थिति, एकता र खेलप्रतिको लगावको उदाहरण हो। विभिन्न शहरका १० क्लबलाई एउटै मैदानमा उतार्नुको मुख्य उद्देश्य हाम्रो आपसी सम्बन्धलाई मजबुत बनाउनु र विदेशमा नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउनु हो।'







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*सबै सरकारी बैंकका अध्यक्षहरूको राजीनामा :*

# सरकारले संकेत गरेपछि पद त्यागदै पदाधिकारी

सन्देश संवाददाता



काठमाडौं/सरकारी स्वामित्वका ३ वटै बैंकहरुका अध्यक्षहरूले राजीनामा दिएका छन्। राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंकका अध्यक्षहरूले अर्थमन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा राजीनामा बुझाएका हुन्।

वर्तमान सरकारले अघिल्लो सरकारको पालामा राजनीतिक नियुक्ति पाएका १५९४ जनालाई अध्यादेश नै ल्याएर पद मुक्त गरेको थियो। तर, त्यसमा नेपाल राष्ट्र बैंकसँगै सरकारी बैंकका पदाधिकारीहरू भने जोगिएका थिए। पदमुक्त गर्ने अध्यादेशले नहटाएका पदाधिकारीहरूलाई सरकारले मार्ग प्रशस्त गर्न संकेत गरेपछि राजीनामाको लहर चलेको हो।

अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाका प्रमुख महेश आचार्यले मन्त्रालयमा राजीनामा आउने क्रम सुरु भएको पुष्टि गरे। 'अध्यक्षज्यूहरू तीनै जनाले राजीनामा बुझाउनु भएको छ। अरू सञ्चालकहरूले सम्बन्धित बैंककै सञ्चालक समितिमा बुझाउनु होला, मन्त्रालयमा पनि केहीको आज आइसकेको छ। मन्त्रालयले नियुक्त गरेकाहरूले मन्त्रालयमै राजीनामा बुझाउने व्यवस्था हुन्छ, सोही अनुसार केही राजीनामा आइरहेका छन्।'

राजीनामाका लागि कुनै औपचारिक निर्देशन दिइएको थियो कि भन्ने प्रश्नमा आचार्यले लिखित वा मौखिक रूपमा राजीनामा दिनुस् भनेर कुनै निर्देशन नदिएको बताए। राजीनामा दिएका एक अध्यक्षका अनुसार, पछिल्लो समय अर्थ मन्त्रालयबाट अचानक बैंकको हालखबर सोध्ने र कामकार बाहीबारेगहिरो चासो राख्ने क्रम बढेको थियो।

'लिखित वा मौखिक रूपमा राजीनामा देऊ भन्ने आदेश त आएको छैन। तर मन्त्रालयको पछिल्लो व्यवहार र 'बडी ल्याङ्वेज' हेर्दा हामीले पद छाडोस् भन्ने स्पष्ट देखियो,' ती अध्यक्षले भने,'अहिलेसम्म कहिल्यै सोधखोज नगर्ने मन्त्रालयले अचानक 'बैंक कसरी चलिरहेको छ, के हुँदैछ' भनेर इन्क्वायरी गर्न थालेपछि हामीले सरकारको संकेत बुझ्यौं र मार्ग प्रशस्त गर्ने निर्णय गर्‍यौं।'

मन्त्रालय स्रोतका अनुसार राजीनामा दिने सञ्चालक तथा अध्यक्षहरूले पत्रमा 'विविध कारण' उल्लेख गरेका छन्। अघिल्लो सरकारले राष्ट्रिय वाणिज्य बैंकको अध्यक्षमा देवकुमार ढकाल, कृषि विकास बैंकमा डिमप्रसाद पौडेल र नेपाल बैंकमा डिल्लीराज शर्मालाई नियुक्त गरेको थियो। राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरूले नयाँ सरकारलाई काम गर्न सहज बनाइदिन भन्दै मन्त्रालय पुगेर राजीनामा बुझाउन थालेपछि अब यी बैंकहरूमा नयाँ नियुक्ति प्रक्रिया सुरु हुने देखिएको छ।

*पर्साका स्थानीय तहमा मन्त्रालयको कडा निर्देशनपछि खैलाबैला,*

## करार कर्मचारीको भविष्य अन्योलमा



सन्देश संवाददाता

वीरगञ्ज/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको कडा निर्देशनसहितको पत्रपछि पर्सा जिल्लाका १४ वटै स्थानीय तहमा खैलाबैला मच्चिएको छ। प्रशासनिक अव्यवस्था, अपारदर्शिता र भ्रष्टाचारका गुनासा बढिरहेका बेला आएको उक्त निर्देशनले जनप्रतिनिधि तथा कर्मचारीहरूबीच त्रासको वातावरण सिर्जना गरेको स्रोतहरूले बताएका छन्।

मन्त्रालयले स्थानीय तहमा हुने अनियमितता नियन्त्रण गर्न नियमनकारी निकायलाई सक्रिय बनाउन निर्देशन दिएको छ। विशेषगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रभावकारीरूपमा परिचालन गरी आर्थिक अनियमितता र अपारदर्शी निर्णय प्रक्रियामाथि निगरानी कडा गर्नुपर्ने उल्लेख गरिएको छ। पत्रमा सबैभन्दा बढी चासोको विषय करार कर्मचारी व्यवस्थापन बनेको छ। स्थानीय तहहरूले आर्थिक लेनदेनका आधारमा गरेका करार नियुक्तिहरूलाई अवैध ठहर गर्दै त्यस्ता नियुक्ति खारेज गर्नुपर्ने संकेत गरिएको छ। यसले शिक्षा र स्वास्थ्य क्षेत्रमा कार्यरत सयौं करार कर्मचारीको भविष्य अन्योलमा परेको छ।

मन्त्रालयले अबदेखि कर्मचारी भर्ना प्रक्रिया केवल लोक सेवा आयोगमार्फत मात्रै सञ्चालन गर्नुपर्ने स्पष्ट पारेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ विपरीत गरिएका नियुक्ति मान्य नहुने चेतावनी समेत दिइएको छ। यसले स्थानीय तहमा मनपरी ढङ्गले कर्मचारी नियुक्त गर्ने प्रवृत्तिमा रोक लगाउने अपेक्षा गरिएको छ। त्यस्तै, निमित्त प्रमुख प्रशासकीय अधिकृतमार्फत काम चलाउने अभ्यास अन्त्य गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ। मन्त्रालयबाट खटाइएका अधिकृतहरूलाई पूर्ण जिम्मेवारीसहित काम गर्न दिनुपर्ने र प्रशासनिक संरचना व्यवस्थित बनाउनुपर्नेमा जोड दिइएको छ।

शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न करार र निमित्त कर्मचारी हटाएर प्रतिस्पर्धा तथा योग्यतामा आधारित स्थायी पदपूर्तिमा जोड दिनुपर्ने मन्त्रालयको भनाइ छ। यद्यपि तत्कालका लागि सेवा प्रवाह प्रभावित हुन सक्ने भन्दै स्थानीय स्तरमा चिन्ता बढेको छ।

अर्कोतर्फ, पर्साका धेरै स्थानीय तहले समयमा नगरसभा तथा गाउँसभा नगर्ने प्रवृत्तिप्रति मन्त्रालयले असन्तुष्टि जनाएको छ। कानुनअनुसार असार १० गतेभित्र सभा सम्पन्न गर्नुपर्ने भए पनि धेरै पालिकाले ढिलाइ गर्दै आएको उल्लेख गर्दै अब समयमै सभा नगर्ने स्थानीय तहलाई कारबाही गरिने चेतावनी दिइएको छ।

मन्त्रालयको निर्देशनपछि पर्साका स्थानीय तहमा प्रशासनिक सुधारको दबाब बढेको छ। तर करार कर्मचारीको भविष्य अन्योलमा परेका कारण कर्मचारी र जनप्रतिनिधिबीच असमञ्जस र त्रासको अवस्था देखिएको छ। आगामी दिनमा यी निर्देशनहरू कसरी कार्यान्वयन हुन्छन् भन्ने विषयले स्थानीय प्रशासनको स्वरूपमा ठूलो प्रभाव पार्ने अपेक्षा गरिएको छ।

## सुस्तायो सेयर बजार, ३ अर्बमुनि खुम्चियो

सन्देश संवाददाता

काठमाडौं/बिहीबार सेयर बजार ६.९४ अंक बढेको छ। यो वृद्धिसँगै नेप्से परिसूचक २७१८ अंकमा कायम भएको छ। जुन अंक दिनभरको अधिकम अंक पनि हो। केही दिनयता बजारको उतारचढाव न्यून भएको छ। अघिल्लो दिन बुधबार १.६४ अंक घटेको थियो भने मंगलबार ८ अंक बढेको थियो। कारोबार रकम ३ अर्ब मुनि खुम्चिएको छ। बिहीबार जम्मा २ अर्ब ९३ करोडको कारोबार भयो। यो कारोबार रकम गत फागुन २५ यताकै न्यून हो। सो दिन बजारमा सर्किट ब्रेकर लाग्दा कारोबार रकम न्यून हुन पुगेको थियो। कारोबार रकम केही दिनदेखि घट्दै आएको छ। अघिल्लो दिन ३ अर्ब १९ करोडको कारोबार भएको थियो।१५५ कम्पनीको मूल्य बढेको छ भने १०२ को घटेको छ। त्यस्तै १२ कम्पनीको मूल्य भने स्थिर रह्यो। व्यापार समूह सबैभन्दा धेरै १.५७ प्रतिशत बढ्यो भने अरु सबै समूहगत सूचकको उतारचढाव १ प्रतिशत भन्दा कम रह्यो। बैंकिङ ०.३३, विकास बैंक ०.२९, होटल तथा पर्यटन ०.२०, जीवन बीमा ०.३०, माइक्रोफाइनान्स ०.३५, अन्य ०.८३ प्रतिशत बढे।

निर्जीवन बीमा ०.५६, उत्पादन तथा प्रशोधन ०.०८, लगानी ०.०७ र फाइनान्स ०.०८ प्रतिशत घटे भने हाइड्रोपावर समूह स्थिर रह्यो। स्वाबलम्बन लघुवित्तको मूल्य सबैभन्दा धेरै १२.१९ प्रतिशत बढ्यो। सिर्जनशील लघुवित्तको ४.२९, पियोर इनर्जीको ४.२४, त्रिशूली जलविद्युतको ३.८५ प्रतिशत बढ्यो। फरवार्ड माइक्रोफाइनान्सको मूल्य सबैभन्दा धेरै १३.२४ प्रतिशत घट्यो। त्यस्तै अपरलोहोरे खोला हाइड्रोपावरको ९.१२, शिखर पावरको ३.८२ प्रतिशत मूल्य घट्यो। आज धेरै कारोबार भएका कम्पनीमा एनआरएन इन्फ्रास्ट्रक्चर, नेसनल हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स, सोलु हाइड्रोपावर र ङादी ग्रुप छन्।

*देशभरका ३११ उद्योगले पाए नेपाल गुणस्तर चिह्न,*

## निर्माण क्षेत्रका सबभन्दा धेरै क-कसले पाए सूचीसहित

काठमाडौं/सरकारले सार्वजनिक गरेको तथ्यांकअनुसार देशभर सञ्चालनमा रहेका ३११ उद्योगका विभिन्न उत्पादनले नेपाल गुणस्तर (एनएस) चिह्न पाएका छन्। नेपाल गुणस्तर तथा नापतौल विभागले देशभरका विभिन्न उत्पादनमूलक उद्योगको गुणस्तर प्रमाणीकरणसहित एनएस चिह्न दिएको सूची सार्वजनिक गरेको हो।

विभागका अनुसार खाद्यान्न, ग्यास सिलिन्डर, फलामे डन्डी, पेन्ट्स, पीभीसी पाइप, बिजुली तार, सिमेन्टलगायत दैनिक उपभोग्य तथा निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी इजाजतपत्र दिइएको हो।

सूचीअनुसार निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगले सबभन्दा बढी गुणस्तर चिह्न पाएका छन्। जगदम्बा, अर्घाखाँची, सर्वोत्तम, घोराही, अग्नि, सौर्य, बृज र होङ्सी, शिवम् सिमेन्टलगायत ५० बढी उद्योगले ओपीसी, पीपीसी र पीएससी सिमेन्टमा एनएस चिह्न पाएका छन्। यस्तै, फलाम र स्टीलका उद्योगमध्ये जगदम्बा स्टील, पञ्चकन्या, हुलास वायर, अशोक स्टील, हामा आइरन, लक्ष्मी स्टीलका छड तथा तारले एनएस पाउन सफल भएका छन्। विवरणअनुसार पशुपति पेन्ट्स, एसियन पेन्ट्स, बर्जर, रिलायन्स र जस्मिन पेन्ट्सले विभिन्न श्रेणीका रङका लागि गुणस्तर चिह्न पाएका छन्।

खाद्यान्ततर्फ नेबिको बिस्कुट, सीजी फुड्स (वाईवाई चाउचाउ), र स्वस्तिक आयलका घ्यू तथा तेल, दुगड स्पाइसका मसला, एग्रो प्रोसेसिङका तेल र विभिन्न मिनरल वाटर उद्योग पनि गुणस्तर पाउने सूचीमा अटाएका छन्। विभागका अनुसार निर्माणमा प्रयोग गरिने पीई, पीभीसी र सीपीभीसी पाइपमा पञ्चकन्या, जगदम्बा प्लास्टिक, मंगलम, हिलटेकले पनि गुणस्तर चिह्न प्राप्त गरेका छन्। यस्तो सूचीमा नेपाल वायर, पायोनियर इलेक्ट्रो केबल्स र लिटमस इन्डस्ट्रिजका तार पनि परेका छन्।

जुत्ता उद्योगमा 'किरण सुज' (गोल्डस्टार) र सौन्दर्य प्रसाधनका सामग्रीले पनि एनएस चिह्न प्राप्त गरेका छन्। विभिन्न उद्योगले गुणस्तर चिह्न प्राप्त गर्नु उत्पादन सुरक्षित, भरपर्दो र सरकारी मापदण्डअनुसार हुनु हो। गुणस्तर दिइएका उद्योगको नियमित अनुगमन हुने गरेको र मापदण्ड नपुगे इजाजतपत्र रद्द गरिँदै आएको विभागले बताएको छ।

## नेपाल उद्योग वाणिज्य महासंघको 'छ स्तम्भ, साठी पहल' सार्वजनिक




सन्देश संवाददाता

काठमाडौं/नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)ले 'छ स्तम्भ, साठी पहल' शीर्षकको रणनीतिक कार्यक्रम तथा कार्ययोजना सार्वजनिक गरेको छ।

महासंघको ६० औं वार्षिक साधारणसभाबाट निर्वाचित २१औं अध्यक्ष श्रेष्ठको पद बहालीसँगै उक्त कार्यक्रम चरणबद्धरूपमा कार्यान्वयनमा लैजाने निर्णय गरिएको महासंघले जनाएको छ।

महासंघले निजी क्षेत्रको दीर्घकालीन हित, लगानीमैत्री वातावरण निर्माण तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम तयार गरिएको जनाएको छ। 'छ स्तम्भ, साठी पहल' कार्यक्रममार्फत् निजी क्षेत्रको साझा आवाजलाई थप प्रभावकारी, विश्वसनीय र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ।

अध्यक्ष श्रेष्ठका अनुसार कार्यक्रमअन्तर्गत प्रत्येक स्तम्भमा कार्यान्वयनयोग्य पहल, समय सीमा, जिम्मेवारी निर्धारण तथा अपेक्षित उपलब्धिसहितको विस्तृत कार्ययोजना तयार गरिएको छ। उनले महासंको सेवा प्रवाह सुदृढीकरण, डिजिटल प्रणाली विकास, नीति पैरवीको प्रभावकारिता वृद्धि, सङ्घीय संरचनाअनुसार सदस्य संस्थासँग महासङ्घले पहिलो स्तम्भअन्तर्गत सदस्यलाई प्रदान गरिने सेवा विस्तार तथा सञ्जाल सुदृढीकरणमा जोड दिएको छ। दोस्रो स्तम्भमा आर्थिक सुधार तथा सुशासनलाई प्राथमिकता दिएको छ। महासङ्घले सार्वजनिक नीति, अर्थतन्त्र, व्यापार तथा कानुन अनुसन्धान शाखा स्थापना गर्ने, कानुन डेस्क सञ्चालन गर्ने तथा बजेट र मौद्रिक नीतिमा निजी क्षेत्र केन्द्रित सुझावपत्र तयार गर्ने जनाएको छ।

तेस्रो स्तम्भमा प्रतिस्पर्धात्मकता वृद्धि तथा औद्योगिक विस्तारमा केन्द्रित कार्यक्रम राखिएको छ। चौथो स्तम्भअन्तर्गत विकास साझेदारी, सीप विकास, महिला उद्यमशीलता, प्रवासी नेपालीको लगानी सहजीकरण तथा हरित वित्त र दिगो विकास लक्ष्यअनुरूप निजी क्षेत्र कार्यक्रम अघि बढाइने महासङ्घले जनाएको छ।

पाँचौं स्तम्भमा श्रम, सीप तथा उत्पादकत्व सुधारका कार्यक्रम समावेश छन्। छैटौं स्तम्भमा निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनलाई केन्द्रमा राखिएको छ।

# मधेश सरकार ढाल्ने जनमतको प्रयास रोकियो, पार्टीभित्रै चर्कियो आन्तरिक विवाद



सन्देश संवाददाता

वीरगञ्ज/जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन औपचारिक रूपमा फिर्ता लिएपछि प्रदेश राजनीतिमा नयाँ तरंग उत्पन्न भएको छ। तर अन्तिम समयमा केन्द्रीय तहबाट भएको हस्तक्षेपपछि सरकार परिवर्तनको प्रयास तत्कालका लागि रोकिएको छ। प्रदेश प्रमुखको कार्यालयले बुधबार विज्ञप्ति जारी गर्दै जनमत पार्टीले २०८३ वैशाख २२ गतेदेखि लागू हुने गरी मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको जनाएको हो। पार्टीले महासचिवसमेत रहेका प्रदेशसभा सदस्य चन्दन सिंहलाई संसदीय दलको नेतामा चयन गर्दै सरकारबाट समर्थन फिर्ता लिएको पत्र बुझाएको थियो। यसअघि संसदीय दलका नेता तथा अर्थमन्त्री महेशप्रसाद यादवले समर्थन फिर्ता नलिएको भनी अर्को पत्र बुझाएका थिए। तर पार्टीले चन्दन सिंहलाई नयाँ दलको नेता चयन गरिएको जानकारी गराएपछि प्रदेश प्रमुखको कार्यालयले सिंहकै पत्रलाई मान्यता दिएको हो।

जनमतले समर्थन फिर्ता लिएसँगै मधेश प्रदेशको सत्ता समीकरण फेरिने संकेत देखिए पनि तत्काल सरकार परिवर्तन हुने सम्भावना भने टरेको छ। नेकपा एमाले, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी मिलेर नयाँ सरकार बनाउने प्रयास भए पनि अन्तिम समयमा 'हेर र पर्ख'को रणनीतिमा दलहरू अलमलिएका छन्। उता जसपा नेपालले लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसदहरू जोडेर ठूलो दलको हैसियतमा नेतृत्व लिन खोजेको थियो भने एमालेले पनि मुख्यमन्त्रीमा आफ्नो दाबी कायम राखेको थियो। तर सरकार फेरबदलले जनतामा नकारात्मक सन्देश जाने निष्कर्षसहित तत्कालका लागि कृष्णप्रसाद यादव नेतृत्वको सरकार सुरक्षित बनेको छ।

सरकार परिवर्तनको चर्चा सुरु भएसँगै एमाले, जसपा र जनमतबीच मुख्यमन्त्री पदका लागि आन्तरिक दौडधुप बढेको थियो। जसपा नेपालभित्र पनि जितेन्द्र सोनल र सरोज कुमार यादव मुख्यमन्त्री बन्न सक्रिय देखिएका थिए। जनमत पार्टीले आफ्नै पार्टीको सरकारविरुद्ध कदम चालेको यो दोस्रो घटना हो। यसअघि पनि पार्टीले आफ्नै नेता सतीशकुमार सिंह नेतृत्वको सरकार ढालेर कांग्रेसका कृष्णप्रसाद यादव नेतृत्वमा सरकार गठनमा सहयोग गरेको थियो। अहिले पुनः आफू सहभागी सरकारलाई ढालेर जसपा नेतृत्वको सरकार बनाउने रणनीति असफल भएको देखिएको छ।

केन्द्रीय राजनीतिमा सक्रिय शीर्ष नेताहरूको हस्तक्षेपपछि प्रदेश सरकार फेरबदल रोकिएको बताइएको छ। गगन थापा, पुष्पकमल दाहाल प्रचण्ड र उपेन्द्र यादवले तत्काल सत्ता फेरबदलको खेलमा नलाग्न निर्देशन दिएको स्रोतको दाबी छ। १०१ सदस्यीय मधेश प्रदेशसभामा कांग्रेसका २२, एमालेका २४, नेकपाका १५, जसपा नेपालका २६ र जनमतका १२ सांसद रहेका छन्। केही सांसद निलम्बित तथा केहीले राजीनामा दिएका कारण राजनीतिक अंकगणित थप पेचिलो बनेको छ।

यद्यपि सत्ता समीकरण तत्कालका लागि जोगिए पनि जनमत पार्टीभित्रको आन्तरिक द्वन्द्व भने सतहमा आएको छ। आफ्नै नेतालाई पाखा लगाएर संसदीय दलको नेता परिवर्तन गर्नु र सरकारलाई दिएको समर्थन फिर्ता लिनुले पार्टीभित्र गम्भीर असन्तुष्टि बढेको देखिएको छ। यस घटनापछि पार्टी अध्यक्ष सीके राउतमाथि समेत प्रश्न उठ्न थालेको जनमतकै नेताहरू बताउँछन्।

# नेपालको हरेक परिवर्तनमा नेपाली पत्रकारिताको भूमिका उल्लेखनीय राष्ट्रपति पौडेल



काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले जिम्मेवार प्रेसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझै बलियो बनाउँदै विभिन्न समयमा भएका जनआन्दोलनहरू तथा संघर्षहरूमा नेपाली जनताले प्रकट गरेको सुशासन, विकास, प्रगति र आर्थिक समृद्धिको युगानुकुल चाहनालाई पूरा गर्ने अभियानमा नेपाली प्रेसले अझै प्रभावकारी ढंगले काम गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

सूचना तथा संचार प्रविधि मन्त्रालयद्वारा आयोजित पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिकलगायतका हरेक परिवर्तनहरूमा नेपाली पत्रकारिता जगतले खेलेको भूमिका उल्लेखनीय रहँदै आएको स्मरण गर्नुभयो।

उहाँले भन्नुभयो - 'हाम्रो संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको हो। संविधानको यो मर्म र भावनाअनुसार पत्रकारलाई निर्भय र स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो। त्यसैगरी सत्यतथ्य समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित गर्नु जिम्मेवार प्रेसको धर्म हो। यसतर्फ नेपाली प्रेस सदैव सजग र चनाखो हुनेनैछ भन्ने मैले विश्वास लिएको छु।'

उहाँले पत्रकारिता परिवर्तनको वाहक र राष्ट्र निर्माणको एउटा सशक्त तथा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै स्वतन्त्र, निष्पक्ष र तटस्थ पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य शर्त हो भने स्वतन्त्र र निष्पक्ष पत्रकारिताविना लोकतन्त्रको कल्पना गर्न नसकिने स्पष्ट पार्नुभयो। राष्ट्रपति पौडेलले समाचार लेखेकै आधारमा पत्रकार असुरक्षित हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने भन्दै सुरक्षित र जोखिममुक्त वातावरणमा समाचार संकलन र सम्प्रेषण गर्ने अवस्थाको सुनिश्चिततातर्फ हामी सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो। उहाँले श्रमजीवी पत्रकारहरूको हकहित र सञ्चार गृहहरूको आर्थिक दिगोपनका लागि सरकार र निजी क्षेत्र दुवैले समन्वय गर्न जरुरी रहेको पनि बताउनुभयो।

उहाँले सूचना प्रविधिको विकाससँगै बढ्दो सामाजिक सञ्जाल र नागरिक पत्रकारिताको प्रयोगले आधारहिन र मिथ्या सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्न सक्ने खतराको सामना गर्नु वर्तमान आमसञ्चार माध्यमसामु थपिएको चुनौति रहेको भन्दै यो चुनौतिको सामना गर्न नेपाली प्रेस सक्षम हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो।

राष्ट्रपति पौडेलले वरिष्ठ पत्रकारित सम्मान र राष्ट्रिय पत्रकारिता पुरस्कार पत्रकारहरूले दशकौंदेखि कलमका माध्यमबाट समाजलाई देखाउनुभएको बाटो र पुर्‍याउनुभएको योगदानको कदर स्वरूप राज्यको सम्मान भएको बताउदै पुरस्कृत सबैलाई बधाइ दिनुभयो। उहाँले पुरस्कृत पत्रकारहरूको साधनाले नयाँ पुस्ताका पत्रकारहरूलाई व्यावसायिक निष्ठा र सत्यको मार्गमा लागिरहन सँधैं उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा राष्ट्रपति पौडेलले वरिष्ठ पत्रकार सम्मानबाट चन्द्रकिशोर झा र नम्रता शर्मालाई सम्मान गर्नुभयो भने भोला पासवान, उमेश श्रेष्ठ र रुपा गहतराजलाई राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गर्नुभयो।

*एमआरपीमा पछाडि हट्यो सरकार, भन्सारबाट छुट्न थाले मालवाहक ट्रक*

काठमाडौं/सरकारले भन्सार बिन्दुमै आयातित वस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने निर्णयमा कडाइ गरेसँगै देशका प्रमुख व्यापारिक नाकामा सिर्जना भएको अन्योल र गतिरोध तत्कालका लागि अन्त्य भएको छ।

एमआरपी विवादका कारण रोकिएको भन्सार जाँचपास प्रक्रिया हिजो बुधबारदेखि पुनः सुरु भएको छ। भन्सार विभाग र व्यवसायीहरूबीच भएको सहमतिपछि हिजोदेखि नै सामानको जाँचपास सुरु भएको हो।

भन्सार विभागले आयातकर्तालाई एमआरपी आफैं घोषणा गर्न लगाएर तत्कालका लागि मालसामान भित्र्याउने बाटो खोलेको हो। सहमति अनुसार व्यवसायीले भन्सारमा वस्तुको एमआरपी घोषणा गर्नुपर्ने छ। ती वस्तुमा एमआरपी लेबल आफ्नै गोदाममा लगेर लगाएपछि मात्र बजारमा पठाउन पाउने सुविधा दिइएको छ।

बजारमा सामान पठाउँदा अनिवार्य मूल्य खुलाउनुपर्ने सर्तसहित यो प्रक्रिया अघि बढेको हो। सरकारको यो नयाँ व्यवस्थासँगै बुधबारदेखि वीरगञ्ज, विराटनगर लगायत प्रमुख नाकाबाट सामानको जाँचपास धमाधम सुरु भइसकेको छ।

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीका अनुसार आयातकर्ताले गर्ने स्वघोषणाका आधारमा आयातित वस्तु जाँचपास गर्न मातहतका सबै भन्सार कार्यालयलाई बुधबार निर्देशन दिइएको छ। 'भन्सार बिन्दुमा रोकिएका मालसामान एमआरपी स्वघोषणा पछि जाँचपास गर्न सबै भन्सार कार्यालयमा भनेका छौं,' उनले भने, 'एमआरपीको समस्या तत्काललाई समाधान भएको छ, नाकामा एमआरपी घोषणा कार्यान्वयन गर्न अझै तीन महिना समय छ।' भन्सार जाँचपास सुरु भएसँगै राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको विभागले जनाएको छ। विभागका अनुसार हिजो एकैदिन भन्सार बिन्दुहरूबाट १ अर्ब ५९ करोड रुपैयाँ राजस्व संकलन भएको छ। यो व्यवस्था तीन महिनाका लागिमात्र प्रभावकारी हुनेछ। यस अवधिमा आगामी बजेट वा अन्य कानुनी प्रक्रिया मार्फत थप स्पष्टता आउन सक्ने अपेक्षा गरिएको छ। विभागले यस विषयमा औपचारिक पत्र काट्नुको सट्टा आन्तरिक सर्कुलर र भर्चुअल बैठकहरू मार्फत मातहत कार्यालयलाई निर्देशन दिएको छ। उपभोक्ता संरक्षण ऐन र अन्य कानुनी जटिलता मध्यनजर गर्दै तत्कालका लागि व्यावहारिक निकास निकालिएको विभागको भनाइ छ। व्यवसायीहरूले पनि यो तीन महिना अवधिमा सरकारलाई आफ्ना मागबारे बुझाउने र कानुनी संशोधन गर्न पहल गर्ने समयका रूपमा लिएका छन्। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ३० चैत २०८२ मा सूचना जारी गर्दै १५ वैशाख २०८३ देखि एमआरपी उल्लेख भएका आयातित सामान मात्रै जाँचपास गर्ने नियम ल्याएको थियो।

तर, भन्सार बिन्दुमै मालसामान अनलोड गरेर प्रत्येक इकाइमा मूल्य टाँस्न व्यावहारिक नहुने भन्दै आयातकर्ताहरूले सामान छुटाउन इन्कार गरेका थिए यो गतिरोध अन्त्यका लागि भन्सार विभागले आगामी आर्थिक वर्ष २०८३/८४ को आर्थिक ऐनमार्फत एमआरपीबारे थप स्पष्ट पार्ने विकल्प अघि सारुर्‍यो।लगाएर बिक्री गर्ने सर्तमा जाँचपास गराउन गरेको आग्रहमा सुरुमा असहमति जनाए पनि अन्ततः सरकार राजी भएको छ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने